वर्ष २० | अंक १९४ | काठमाडौं | बिहीवार, ११ वैशाख २०८२ | Thursday, 24 April 2025 | पृष्ठ ८+४ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

www.abhiyandaily.com

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

नेवानिमा रणनीतिक साझेदारी ४
डुबानप्रभावित क्षेत्रमा चैते धान विकल्प ५
एनएमबि बैंकका सीईओ घिमिरेले सम्हाले कार्यभार ८
रघुजी पन्त शिक्षामन्त्रीमा नियुक्त १२



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,
९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८
भाइबरमा SMS मात्र गर्नुहोस्
हामी यताबाट कल गर्छौं ।



NEW BUSINESS AGE

*PRESENTS*

NEWBIZ
**BUSINESS WOMEN**
SUMMIT & AWARDS 2025

Empowering Business Leadership of Nepali Women

*TITLE SPONSOR*

prabhu bank
BANK OF THE YEAR 2023

THE BANKER
BANK OF THE YEAR 2023
NEPAL

# Glimpses of NewBiz Business Women SummIT & Awards 2024

























DRIVEN BY
Curvv.ev suv coupé

LIFE INSURANCE PARTNER
National Life — for a secure future....
IMELIFE — Ensuring Future
LIC — लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड — Life Insurance Corporation (Nepal) Ltd. (A Joint Venture of Life Insurance Corporation of India)

SUPPORTED BY
Salt Trading Corporation Limited
Citizen Life Insurance
राष्ट्रिय वाणिज्य बैंक — RASTRIYA BANIJYA BANK
Citizens Bank — BANK OF THE YEAR 2024
गरिमा विकास बैंक लिमिटेड — Garima Bikas Bank Limited — "Access to All"

SUPPORTED BY
मुक्तिनाथ विकास बैंक — MUKTINATH BIKAS BANK
एभरेष्ट बैंक लिमिटेड — EVEREST BANK LIMITED — Consistent, Strong & Dependable
एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड — NLG INSURANCE COMPANY LIMITED
NABIL BANK — TOGETHER AHEAD
कृषि विकास बैंक लिमिटेड — Agricultural Development Bank Ltd.
Reliable Life Insurance Ltd.
CITY EXPRESS
सलिको — SALICO

EVENT MANAGED BY
Vugon Ad & Event Management

वर्ष २० | अंक १९४ | काठमाडौं | बिहीवार, ११ वैशाख २०८२ | Thursday, 24 April 2025 | पृष्ठ ८+४ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

www.abhiyandaily.com

आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,
९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८
भाइबरमा SMS मात्र गर्नुहोस्
हामी यताबाट कल गर्छौं ।

नेवानिमा रणनीतिक साझेदारी ४

डुबानप्रभावित क्षेत्रमा चैते धान विकल्प ५

एनएमबि बैंकका सीईओ घिमिरेले सम्हाले कार्यभार ८

रघुजी पन्त शिक्षामन्त्रीमा नियुक्त १२



# किन रोकियो पश्चिम सेती र सेतीनदी–६ सम्बन्धी समझदारी ?

- भारतको विद्युत् मन्त्रालयले अन्तिम समयमा स्वीकृति नदिँदा रोकिएको अधिकारीहरूको भनाइ
- एचआईडीसीएलले पश्चिम सेती र सेतीनदी (एसआर)–६ परियोजनामा लगानी गर्नेसम्बन्धी समझदारी गर्ने कार्यतालिका थियो
- समझदारी गर्न एनएचपीसी र एचआईडीसीएलबीच एकआपसमा अवरोध नभएकाले अर्कोपटक हुने



प्रशान्त खड्का

काठमाडौं

पश्चिम सेती जलविद्युत् आयोजना र सेतीनदी (एसआर)-६ परियोजना निर्माण गर्न हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआईडीसीएल) र भारतीय कम्पनी नेशनल हाइड्रो इलेक्ट्रिक पावर कर्पोरेशन (एनएचपीसी) बीच हुने भनिएको समझदारी अन्तिम समयमा पुगेर रोकिएको छ ।

भारतीय विद्युत् तथा आवासमन्त्री मनोहरलाल खट्टरको दुईदिने नेपाल भ्रमणका क्रममा एचआईडीसीएलले यी दुई परियोजनामा अधिकतम १० प्रतिशत लगानी गर्नेसम्बन्धी समझदारी गर्ने कार्यतालिका सार्वजनिक भएको थियो ।

२०७७ असारमा यी दुई सरकार नियन्त्रित कम्पनीहरूबीच यी दुई परियोजना संयुक्त उपक्रम बनाई विकास गर्ने समझदारीमा हस्ताक्षर भएको थियो ।

मंगलवार दुई देशबीच ४०० केभी क्षमताका दुई ठूला अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्न समझदारी भए पनि पश्चिम सेती र सेतीनदी (एसआर)-६ परियोजना निर्माणका लागि हुने भनिएको समझदारीमा हस्ताक्षर नभएको हो ।

जलाशययुक्त आयोजना पश्चिम सेती ७५० मेगावाट क्षमताको हो भने एसआर-६ को क्षमता ४५० मेगावाट छ ।

यी दुवै परियोजनामा एचआईडीसीएलले अधिकतम १० प्रतिशत लगानी गर्ने गरी समझदारीपत्रमा हस्ताक्षर हुने समय तालिका भए पनि अन्तिम समयमा रोकिएको एचआईडीसीएल स्रोतले बतायो ।

'समझदारीपत्रमा हस्ताक्षरका लागि दुई पक्षबीच अनौपचारिक रूपमा पहिल्यैदेखि सल्लाह भएकाले हामीले आफ्नो सम्पूर्ण तयारी गरेका थियौं । तर, भारतको विद्युत् मन्त्रालयले अन्तिम समयमा दुई पक्षबीच समझदारीका लागि स्वीकृति नदिँदा रोक्नुपरेको हो,' स्रोतले आर्थिक अभियानसँग भन्यो । 'हाम्रोतर्फ सबै तयारी थियो तर भारतीय पक्षले मंगलवार बेलुका करीब ५ बजेको समयमा तत्काल समझदारी गर्न नसकिने बताएको हो ।' यद्यपि समझदारी गर्न एनएचपीसी र एचआईडीसीएलबीच एक आपसमा अवरोध नभएकाले अर्कोपटक गर्ने कुरा भएको स्रोतले बतायो ।

## खट्टरको भ्रमण

विस्तृत परियोजना अध्ययनका लागि सर्वेक्षण अनुमतिपत्र जारी गर्न २०७९ भदौ २ गते लगानी बोर्ड र एनएचपीसी लिमिटेडबीच सम्झौतापत्रमा हस्ताक्षर भई २०७९ कात्तिकमा सर्वेक्षण अनुमतिपत्र जारी भएको थियो । सर्वेक्षण अनुमति पाएको २ वर्षभित्र डीपीआर तयार गरी लगानी बोर्डको कार्यालयमा पेश गर्ने गरी उक्त सम्झौता भएको थियो । एनएचपीसीले डीपीआरको मस्यौदा तयार पारी गत असारमा लगानी बोर्डलाई बुझाएको थियो ।

यसअघिको अध्ययनअनुसार पश्चिम सेती आयोजनाको लागत १ हजार ३२० मिलियन अमेरिकी डलर र एसआर-६ आयोजनाको लागत ८०० मिलियन अमेरिकी डलर बराबर अनुमान गरिएको थियो।

» बाँकी पृष्ठ ५ मा

# डिजिटल मुद्रा परीक्षणको तयारी तीव्र

## शुरूमा बैंक, वित्तीय संस्थाहरूबीच हुने अन्तरबैंक भुक्तानी कारोबारबाट 'पाइलट प्रोजेक्ट'का रूपमा यसलाई प्रयोगमा ल्याइने



- चालू वर्षको मौद्रिक नीतिमा केन्द्रीय बैंकको अध्ययनका आधारमा 'होलसेल सीबीडीसी'को प्रारूप तयार गरिने उल्लेख
- राष्ट्र बैंकको रणनीतिक योजनामा सन् २०२६ भित्र सीबीडीसी शुरू गर्ने उल्लेख
- डिजिटल मुद्राको काम गर्न केन्द्रीय बैंकको भुक्तानी प्रणाली विभागमा छुट्टै युनिट निर्माण
- हालसम्म भारत, चीनलगायत विश्वका ११ देशमा विद्युतीय मुद्रा प्रचलनमा

यादव हुमागाई

काठमाडौं

नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्षभित्र विद्युतीय मुद्रा (डिजिटल करेन्सी) परीक्षणमा ल्याउने गरी तयारी तीव्र बनाएको छ ।

साउनमा सेन्ट्रल बैंक डिजिटिल करेन्सी (सीबीडीसी) को प्रोटोटाइप अर्थात (नमूना प्रणाली) तयार पारेको केन्द्रीय बैंकले यसबारे सरोकारवालाहरूसँग छलफल गरिरहेको छ । सरोकारवालाहरूको छलफलबाट प्राप्त रायसुझावलाई समेटेर यसलाई अन्तिम रूप दिने र आगामी वर्षभित्र परीक्षणमा ल्याउने योजना रहेको राष्ट्र बैंकको भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक किरण पण्डितले जानकारी दिए ।

'हाम्रो रणनीतिक योजनामा नै सन् २०२६ भित्र सीबीडीसी शुरू गर्ने उल्लेख छ,' उनले भने, 'तोकिएको समयभन्दा अघि नै यसको परीक्षण गर्ने गरी काम भइरहेको छ ।' शुरूमा बैंक, वित्तीय संस्थाहरूबीच हुने अन्तरबैंक भुक्तानी कारोबारबाट 'पाइलट प्रोजेक्ट'का रूपमा यसलाई प्रयोगमा ल्याउने तयारी छ ।

राष्ट्र बैंकले चालू आर्थिक वर्ष (आव) २०८१/८२ को मौद्रिक नीतिमा पनि केन्द्रीय बैंकको विद्युतीय मुद्रासम्बन्धी अध्ययनका आधारमा 'होलसेल सीबीडीसी'को प्रारूप तयार गर्ने कार्य अगाडि बढाइने उल्लेख गरेको छ । राष्ट्र बैंकले ३ वर्षदेखि सीबीडीसीका लागि आवश्यक तयारी गर्दै आएको छ ।

सीबीडीसी काम अघि बढाउन डेपुटी गभर्नर बमबहादुर मिश्रको संयोजकत्वमा स्टेरिङ कमिटी बनाएको राष्ट्र बैंकले अघिल्लो वर्ष नै सम्भाव्यता अध्ययनसमेत गरिसकेको छ । राष्ट्र बैंकले गत आवको मौद्रिक नीतिमा पनि सीबीडीसी जारी गर्ने सम्बन्धमा भएको अध्ययनको आधारमा थप कार्य अगाडि बढाइने उल्लेख गरेको थियो । सीबीडीसीको काम गर्न केन्द्रीय बैंकको भुक्तानी प्रणाली विभागमा छुट्टै युनिटसमेत निर्माण गरिएको छ ।

राष्ट्र बैंकले गरेको सम्भाव्यता अध्ययन प्रतिवेदनमा सरोकारवालाको सहभागिता रहने गरी छुट्टै संरचना र टिम निर्माण गरेर मात्र सीबीडीसी परियोजना अघि बढाउन उपयुक्त हुने उल्लेख गरिएको छ । शुरुआती चरणमा भने राष्ट्र बैंककै भुक्तानी प्रणाली विभाग वा सूचनाप्रविधि विभागभित्रै सानो युनिट खडा गरेर काम अघि बढाउन सकिने सुझाव छ। यसैगरी प्रतिवेदनमा यस्तै सीबीडीसी जारी गर्नुअघि तथ्यांकको सुरक्षासहित उच्चस्तरीय प्रविधि निर्माण, केन्द्रीय बैंकको क्षमता विकास, विस्तृत सम्भाव्यता अध्ययन गर्न, पर्याप्त कानूनी व्यवस्था, लक्ष्य निर्धारण र जनचेतना विस्तारका लागि काम गर्नुपर्ने औंल्याइएको छ ।

» बाँकी पृष्ठ ५ मा

# तेस्रो त्रैमाससम्म आधा दर्जन वाणिज्य बैंक लाभांश दिन नसक्ने अवस्थामा

प्रजिता बुढाथोकी

काठमाडौं

चालू आर्थिक वर्ष (आव) को तेस्रो त्रैमाससम्मको वाणिज्य बैंकहरूको वितरणयोग्य मुनाफालाई हेर्दा ६ वाणिज्य बैंकहरू लाभांश वितरण गर्नै नसक्ने अवस्थामा रहेको देखिन्छ ।

गतवर्षको तेस्रो त्रैमाससम्म १० वाणिज्य बैंकहरूको वितरणयोग्य मुनाफा ऋणात्मक थियो । यस वर्ष वितरणयोग्य मुनाफा ऋणात्मक हुने कम्पनीको संख्या भने घटेको छ ।

राष्ट्रिय वाणिज्य, नेपाल इन्भेष्टमेण्ट मेगा, प्रभु, एन.आई.सी. एशिया, कुमारी र हिमालयन बैंकको वितरणयोग्य मुनाफा तेस्रो त्रैमाससम्म ऋणात्मक छ ।

तेस्रो त्रैमाससम्मको वित्तीय अवस्था हेर्दा हिमालयन बैंकको वितरणयोग्य मुनाफा ७ अर्ब ३६ करोड रुपैयाँभन्दा बढी ऋणात्मक देखिन्छ ।

त्यस्तै कुमारीको ६ अर्ब ५० करोड रुपैयाँभन्दा बढी, एन.आई.सी. एशियाको ३ अर्ब ५६ करोड रुपैयाँभन्दा बढी, प्रभुको ३ अर्ब ४० करोड रुपैयाँभन्दा बढी, नेपाल इन्भेष्टमेण्ट मेगाको १ अर्ब १० करोड रुपैयाँभन्दा बढी र राष्ट्रिय वाणिज्य बैंकको १ अर्ब २ करोड रुपैयाँभन्दा बढी वितरणयोग्य मुनाफा ऋणात्मक छ ।

यीमध्ये गतवर्ष राष्ट्रिय वाणिज्यको वितरणयोग्य मुनाफा २४ करोड ६२ लाख रुपैयाँभन्दा बढी र प्रभुको १६ करोड ६५ लाख रुपैयाँभन्दा बढी थियो । यस वर्ष यी दुई कम्पनीको वितरणयोग्य मुनाफा ऋणात्मक भएको छ ।

गतवर्ष यस अवधिसम्म वितरणयोग्य मुनाफा ऋणात्मक अवस्थामा रहेका ६ कम्पनीले यस वर्ष सुधारेका छन् । गतवर्षको तेस्रो त्रैमाससम्म वितरणयोग्य मुनाफा ऋणात्मक अवस्थामा रहेका माछापुच्छ्रे, सिद्धार्थ, नेपाल, लक्ष्मी सन्राइज, एनएमबि र ग्लोबल आइएमई बैंकले यस वर्ष सुधार गरेका हुन् ।

» बाँकी पृष्ठ ५ मा

### तेस्रो त्रैमाससम्मको वितरणयोग्य नाफाको तुलना

| बैंक | यस वर्ष (रू. हजार) | गतवर्ष (रू. हजार) | फरक प्रतिशत |
|---|---|---|---|
| एभरेष्ट | ३,६७८,७८२ | २,७५१,१२९ | ३३.७२ |
| ग्लोबल आइएमई | ३,५४९,२५२ | -४२३,१०२ | ऋणात्मक अवस्थामा सुधार |
| नबिल | २,८७४,१२६ | १,५४७,०८६ | ८५.७८ |
| सानिमा | २,१९८,५६३ | ७५६,८२२ | १९०.५० |
| कृषि विकास | १,९११,०३१ | १,१२८,६०२ | ६९.३३ |
| प्राइम कमर्सियल | १,७३२,३८६ | ३१३,३४७ | ४५२.८७ |
| स्टचाण्डर्ड चार्टर्ड | १,४७१,६५१ | १,८१७,२३७ | -१९.०२ |
| एनएमबि बैंक | १,३११,९७८ | -४२९,२५६ | ऋणात्मक अवस्थामा सुधार |
| नेपाल एसबिआई | १,०५१,५३३ | ८३४,३६० | २६.०३ |
| लक्ष्मी सन्राइज | ७७२,७२० | -१,२४८,४०० | ऋणात्मक अवस्थामा सुधार |
| नेपाल | ३०६,२१८ | -१,०४६,६३२ | ऋणात्मक अवस्थामा सुधार |
| सिद्धार्थ | १८८,४४९ | -२७१,२०२ | ऋणात्मक अवस्थामा सुधार |
| सिटिजन्स बैंक इन्टरनेशनल | १६२,६२१ | १८,९१९ | ७५९.५६ |
| माछापुच्छ्रे | ७०,७४३ | -३०५,६३६ | ऋणात्मक अवस्थामा सुधार |
| राष्ट्रिय वाणिज्य | -१,०२०,२५७ | २४६,२१९ | यस वर्ष ऋणात्मक |
| नेपाल इन्भेष्टमेण्ट मेगा | -१,१०४,१४४ | -५,०८१,६२६ | -७८.२७ |
| प्रभु | -३,४०२,०८२ | १६६,५४७ | यस वर्ष ऋणात्मक |
| एन.आई.सी. एशिया | -३,५६९,२०२ | -१,७२५,६४२ | १०६.८३ |
| कुमारी | -६,५००,३३४ | -४,२०५,२२९ | ५४.५८ |
| हिमालयन | -७,३६३,४५९ | -५,२४२,४८९ | ४०.४६ |

*स्रोत : कम्पनीहरूको वित्तीय विवरण*










## वैकल्पिक विकास वित्त विधेयक दर्ता

# एक अर्ब रुपैयाँभन्दा बढी लागत भएका पूर्वाधारमा मात्र लगानी

- प्रस्तावित आयोजना नै धितो राखेर कोषले ऋण/जमानत दिने
- कोषले जारी गर्ने ऋणपत्रलाई सरकारी ऋणपत्रसरह मान्यता
- कोषले जोइन्ट भेन्चरमा सहायक कम्पनी स्थापना गर्न सक्ने
- एक दशकमा पूर्वाधारमा १०० खर्ब रूपैयाँभन्दा बढी लगानी आवश्यक
- वार्षिक रूपमा पूर्वाधारमा वार्षिक २ खर्बदेखि ३ खर्ब रूपैयाँ लगानी

हिमा वि.क.

काठमाडौं

देशको पूर्वाधार क्षेत्रमा आवश्यकताभन्दा निकै कम लगानी भइरहेको सन्दर्भमा रूपान्तरणकारी पूर्वाधारमा लगानीका लागि थप रकम जुटाउन वैकल्पिक विकास वित्त परिचालनसम्बन्धी कानून ल्याउने प्रयास सरकारले अघि बढाएको छ ।

वैशाख ५ गते सरकारले संघीय संसद्को प्रतिनिधिसभामा 'वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८१' दर्ता गराएको छ । सरकारले उच्च प्रतिफल दिने सडक, रेलदेखि औद्योगिक क्षेत्रका ठूला परियोजनामा स्रोत जुटाउन बाटो सहज बनाउन नयाँ कानून ल्याउन खोजेको बताएको छ ।

'विभिन्न अध्ययनले आगामी दशकमा १०० खर्ब रुपैयाँभन्दा बढी लगानी आवश्यक पर्ने देखिएको छ ।

» बाँकी पृष्ठ ५ मा



> तपाईं जहाँ पुग्न चाहनुहुन्छ, त्यहाँको यात्रा जति कठिन हुनेछ तपाईं त्यति नै बलियो बन्नुहुनेछ ।
> **- एलन मस्क**

## सम्पादकीय

# अर्थतन्त्रप्रतिकै उपेक्षा

मुलुकको अर्थतन्त्र समस्यामा छ । यसको एउटा अंग बैंकिङ क्षेत्र अझ बढी समस्यामा छन् । मुलुक सम्पत्ति शुद्धीकरणको खैरोसूचीमा छ र नेपालले कुनै सुधार ल्याउन नसके खैरोसूचीबाट बाहिरन गाह्रो हुनेछ । यी सबैको एउटा महत्त्वपूर्ण अवयव मानिएको नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्ति विषयमा सत्तारूढ गठबन्धनको खिचातानी र नियुक्तिमा देखिएको उपेक्षाले मुलुक थप संकटमा फस्ने सम्भावना देखिएको छ । जनअसन्तोष बढिरहेको परिप्रेक्ष्यमा दलहरू सच्चिएर अर्थतन्त्रमा गम्भीर मुद्दामा काम गर्नुपर्नेमा उल्टो गभर्नर नियुक्तिमा विलम्ब गरिरहेका छन् ।

केन्द्रीय बैंकले आफ्नो देशको ढुकुटी र मौद्रिक नीतिको व्यवस्थापन गर्छन् । बैंक तथा वित्तीय संस्थाहरूको नियमन र सुपरिवेक्षण पनि यसको प्रमुख जिम्मेवारी हो । राजनीतिक प्रभावका आधारमा निर्णय गर्दा वा नगर्दा सर्वसाधारण जनता र संस्थाहरूको ठूलो रकमको कारोबार हुने वित्तीय प्रणाली नै संकटमा पर्नसक्ने जोखिम हुने हुँदा संसारभर नै केन्द्रीय बैंकलाई उच्च स्वायत्तता कानूनी रूपमै दिइएको हुन्छ । गभर्नरले लिने सानो कदमले पनि अर्थतन्त्रमा ठूलो असर पर्छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गभर्नरलाई हटाउने खालको अभिव्यक्ति दिनासाथ अमेरिकाको शेयर बजार स्वाट्टै तल झर्‍यो, सुनको भाउ एकै दिन ठूलो परिमाणमा बढ्यो । त्यही अभिव्यक्तिलाई सच्याउनासाथ तिनमा सुधार आयो । यसले गभर्नर पद कति महत्त्वपूर्ण हुन्छ भन्ने कुरा पुष्टि गर्छ । देशको समग्र आर्थिक र वित्तीय प्रणालीमा गभर्नरको निर्णयले काम गर्छ । बैंकहरूको बैंक र सरकारको पनि बैंक भएकाले यसको नेतृत्व निकै क्षमतावान् मान्छे चाहिन्छ । तर, अहिले यो निमित्तको भरमा चलेको छ । यसको कारण सत्तारूढ दलहरूको अर्थतन्त्रप्रतिको उपेक्षा हो, प्रकारान्तरले जनताप्रतिकै उपेक्षा हो ।

- **गभर्नरले लिने सानो कदमले पनि अर्थतन्त्रमा ठूलो असर पर्छ ।**
- **सिफारिश समिति हात्तीको देखाउने दाँतजस्तो मात्रै भएको छ ।**

राष्ट्र बैंकको गभर्नरको पदावधि सकिन लागेको सरकारलाई थाहा नहुने कुरा भएन । त्यसैले १ महीनाअघि नै नियुक्तिको प्रक्रिया शुरू गर्ने र पद रिक्त हुनासाथ नियुक्ति गर्ने गरी व्यवस्था मिलाइएको छ । तर, अहिले सरकारले सिफारिश समिति नै ढिलो गरी गठन गर्‍यो । त्यसमा पनि कहिलेकहिले कसको नाम चर्चामा आउने, कहिले कसको चर्चामा आउने भयो तर सिफारिश समितिको पहिलो बैठकसमेत बस्न सकेको छैन । त्यसैले उक्त सिफारिश समितिका एक सदस्य पूर्वगभर्नर विजयनाथ भट्टराईले समितिबाट राजीनामा दिएका छन् । दलीय सहमति नभई समितिको बैठक नबस्ने भएपछि आफ्नो औचित्य नभएको उनको भनाइ छ । यसले गभर्नर नियुक्तिको विषय थप पेचिलो बनेको छ । सिफारिश समिति हात्तीको देखाउने दाँतजस्तो मात्रै भएको यसले पुष्टि गर्छ । यस्तो महत्त्वपूर्ण नियुक्तिमा देखिएको यस्तो उपेक्षा र देखावटी प्रक्रियाले नेपालको राजनीतिले कसरी सरकारी संयन्त्रहरूलाई कमजोर र बेकामे बनाएका रहेछन् भन्ने देखाएको छ ।

खासमा वित्तनीति राम्ररी जानेको र यस्तो संकटका क्षणमा नयाँनयाँ उपकरण ल्याएर कर्जाको माग बढाउने, खराब कर्जा घटाउने जस्ता महत्त्वपूर्ण काम गरेर बैंकिङ क्षेत्रलाई बलियो बनाउने गभर्नरको आवश्यकता छ । मुलुकलाई खैरोसूचीबाट निकाल्ने जिम्मा पनि गभर्नरलाई नै हुन्छ । त्यसैगरी अहिले अर्थतन्त्र थुनिएर बसेको अवस्थामा छ । उपयुक्त औजार र नीति ल्याएर यसलाई चलायमान बनाउन गभर्नरको भूमिका बढी महत्त्वपूर्ण देखिन्छ । त्यसैले आफ्नो मान्छेभन्दा पनि योग्य मान्छेको खोजी हुनुपर्नेमा कोटाका आधारमा गभर्नर बनाउन खोजिएको छ । राजनीतिक कोटामा गभर्नर खोज्दा पनि योग्य व्यक्ति पाइन सक्छ तर अहिले यसका लागि रकम लेनदेन हुन थालेको चर्चा व्यापक छ । नियामक निकायमा आफ्नो मान्छे पुर्‍याएर आफ्नो स्वार्थअनुसार नीतिगत निर्णय गराउन ठूला घरानियाँहरू खुलेको लागेको विश्लेषण भइरहेको छ । यसरी योग्य मान्छे गभर्नर बन्दैन, बने पनि त्यसले मुलुकलाई केन्द्रमा राखेर काम गर्दैन भन्ने स्पष्ट हुन्छ ।

धितोपत्र बोर्डको अध्यक्षको नियुक्तिमा पनि यस्तै धेरै चलखेल भएकै हो । सरकारले निर्णय गरेर पनि निर्णय फेरेकै हो । त्यस्तै बीमा प्राधिकरणको नियुक्तिमा पनि यस्ता चलखेल भएको आशंका व्यापक रूपमा भएको छ । यस्ता राजनीतिक नियुक्ति पाउने पदमा दलहरूको भागबन्डाअनुसार मान्छे नियुक्त हुने, नियुक्तिका लागि सुटकेस भरी भरी पैसा बुझाउनुपर्ने भएपछि कसरी सही नियमन हुन्छ ? मुलुकको संकटबाट कसरी पार लगाउन सकिन्छ ? सन् २०१२ मा बेलायतले अर्थतन्त्रमा समस्या आएपछि आफ्नो देशका राम्रा अर्थशास्त्रीलाई गभर्नर नबनाएर क्यानडाका नागरिक मार्क कार्नीलाई गभर्नर बनाएको थियो जसले समस्याको निकास निकालेका थिए । कार्नी अहिले क्यानाडाका नयाँ प्रधानमन्त्री छन् । तर, नेपालमा भने दलीय भागबन्डाको चासोमात्रै पाइन्छ । यसले मुलुकको अर्थतन्त्रलाई झनै सुस्त बनाउनेछ ।

आर्थिक अभियान

## १० वर्षअघिको आर्थिक अभियानबाट

# छोटो भिसा अवधिले एफडीआईमा प्रभाव

नेपालले दिने व्यावसायिक भिसाको छोटो अवधि र झन्झटिलो व्यवस्थाले मुलुकमा भित्रिने प्रत्यक्ष विदेशी लगानी (एफडीआई) मा नकारात्मक प्रभाव पारेको छ । नेपालले यहाँ लगानी गर्ने लगानीकर्ताका लागि अधिकतम ५ वर्षसम्मका लागि व्यावसायिक भिसा जारी गर्ने व्यवस्था छ । तर, हाल १ वर्षे अवधिको मात्र व्यावसायिक भिसा जारी गरिरहेको छ । यसले नेपालमा लगानी गर्न आउने विदेशीलाई निरुत्साहित गरिरहेको विश्व बैङ्कको भनाइ छ । त्यस्तै, नेपालमा काम गर्न आउने विदेशी कामदारका लागि भिसा लिन ३ देखि ४ महीना लाग्ने विश्व बैङ्क र त्यसअन्तर्गतको अन्तरराष्ट्रिय वित्त निगमको पछिल्लो अध्ययनको निष्कर्ष छ । र, त्यस्तो भिसा लिन ६० ओटासम्म हस्ताक्षर आवश्यक पर्ने अध्ययनले देखाएको छ । यस्ता कामदारका लागि भिसा लिन लाग्ने विश्वव्यापी औसत चल एफडी समय भने १ महीना छ । धेरै मुलुकमा अस्थायी 'वर्क परमिट' भिसा लिन ४ देखि ६ हप्ता लाग्ने गरेको छ । नेपाल उद्योग वाणिज्य महासङ्घ पनि नेपाली भिसा प्रणालीमा समस्या भएको बताउँछ । 'ती समस्या ज्यादै ठूला नभए पनि त्यो लगानीकर्ताको सम्मानसँग जोडिएको विषय भएकाले निकै संवेदनशील छ,' महासङ्घका वरिष्ठ उपाध्यक्ष भास्करराज राजकर्णिकारले भने ।

**वर्ष ८, अंक १५४, बुधवार, ९ फागुन, २०६९**

# नेवानिमा रणनीतिक साझेदारी

## दशकौंको पहल तर हुँदैन कहिल्यै निर्णय



> **निगमलाई कुनै पनि हालतमा यथास्थितिमा छाड्न हुँदैन । हवाई सेवाको ठूलो अंश विदेशी वायु सेवा कम्पनीले लिनु र विदेशी कम्पनीले कमाएर लगेको टुलुटुलु हेर्नु कुनै पनि हालतमा उपयुक्त मान्न सकिँदैन ।**
>
> **- भीम पन्त**

सरकारी स्वामित्वका संस्थानहरूको दुरवस्थाको चर्चा गर्दा जहिले पनि एक नम्बरमा पर्छ नेपाल वायुसेवा निगम । अत्यधिक भ्रष्टाचार र अत्यधिक राजनीतिक हस्तक्षेपको शिकार भएको तथा व्यवस्थापन ज्यादै कमजोर भएको संस्थाका रूपमा नेवानिलाई लिन सकिन्छ । यसलाई सञ्चालन गर्न सक्ने सामर्थ्य नेपालीसँग छैन भन्ने स्पष्ट भइसकेको छ । यद्यपि कुनै बेला यसको शाख र उड्डयनमा यसको अंश उच्च थियो । राजनीतिक हस्तक्षेपबाट शुरू भएको यसको ओरालो यात्रा कहिलेसम्म रहने हो थाहा छैन । यसको सुधार र सुसञ्चालनका लागि नौनौ ओटा समिति बनेर पनि केही काम हुन सकेको छैन । निगमको विमान धेरैजसो ग्राउन्डेड हुन्छ । आन्तरिक उडान त पूरै ठप्प छ । नागरिक लगानी कोष र कर्मचारी सञ्चय कोषलाई तिर्नुपर्ने दायित्व थपिएको थपियै छ । यस्तोमा अर्थविद् रामेश्वर खनालको अध्यक्षतामा गठित उच्चस्तरीय अर्थतन्त्र सुधार सुझाव आयोगले सार्वजनिक संस्थानमा गर्नुपर्ने सुधारबारे सुझाव दिएको छ । त्यस्तै नेवानिमा रणनीतिक साझेदार ल्याएर सञ्चालन गर्नुपर्ने सुझाव छ । सरकारले गठन गरेको यो आयोगको सुझाव सरकारले कार्यान्वयन गर्नेमा आशंका छ किनभने यस अघि गठित सार्वजनिक खर्च पुनरवलोकन आयोगका सुझाव पनि कार्यान्वयन भएनन् । यस्तै खनाल आयोगको सुझाव पनि केही समय दराजमा थन्कने र पछि डस्टबिनमा फालिने सम्भावना उच्च छ किनभने काम गर्न सक्ने क्षमता र निर्णय गर्ने क्षमता भएका व्यक्ति नै छैनन् भन्दा पनि हुन्छ ।

### सार्वजनिक संस्थान सुधारका सुझाव

कुनै बेला अत्यावश्यक मानिएका सार्वजनिक संस्थान अहिले आवश्यक छ कि छैन भन्नेमा मुलुक विभाजित छ । निजीक्षेत्र सबल भएकाले र मुलुकले उदारीकरणको नीति लिएकाले अब सरकारले कलकारखाना चलाएर बस्न आवश्यक छैन भन्ने मत अर्थविद्हरूको पाइन्छ । तर, केही भने उद्योग निजीक्षेत्रलाई दिएकामा बेचेर खायो भनेर आरोप लगाउनमै व्यस्त छन् । अहिले सरकारले चलाएका संस्थान हेर्दा निजीकरण नगरेको भए राज्यले कसरी यसको खर्च थेग्थ्यो होला भन्ने प्रश्न उठ्छ । खनाल आयोगले सार्वजनिक संस्थाहरूलाई सुधार गर्न केही शेयर आफूसँग राखेर अरू शेयर निजीक्षेत्रलाई विक्री गर्न सुझाव दिएको छ । नेवानिमा पनि यस्तै गर्न बारम्बार हामी सरोकारवालाले आवाज उठाएका उठायै छौं । तर, यस्तो निर्णय गर्ने हिम्मत कुनै पनि सरकारको देखिएको छैन । मुलुक भ्रष्टाचारमा डुबेको छ र आफूलाई पनि त्यस्तो आरोप आउन सक्ने भयबाट सबै त्रस्त छन् । काम नगरे पनि तलबभत्ता पाक्ने भएपछि यस्तो काम गर्न कसलाई किन पो चासो होस् ? आयोगले घाटामा रहने गरेका सार्वजनिक संस्थानहरू वर्तमान समयमा आवश्यक नभए खारेज गर्न सुझाव दिएको छ । त्यस्तै राजनीतिक हस्तक्षेप नगरी व्यावसायिक ढंगले सार्वजनिक संस्थानहरू सञ्चालन गर्न विद्यमान कम्पनी ऐनमा सुधार गर्न पनि सुझाव दिइएको छ । सरकारको एकल स्वामित्वमा पब्लिक लिमिटेड कम्पनीको रूपमा होल्डिङ कम्पनी रहन सक्ने व्यवस्था गरी पूर्ण सरकारी स्वामित्वको होल्डिङ कम्पनीअन्तर्गत सबै संस्थानलाई ल्याउने र मन्त्रालयहरूअन्तर्गत संस्थानलाई नराख्ने सुझाव दिइएको छ । मन्त्रालयको हस्तक्षेप बढी भएर कम्पनीहरूले राम्ररी काम गर्न नसकेकै कारण यस्तो सुझाव दिइएको हो । सरकारी कम्पनीहरू विभिन्न खालका छन् । त्यसैले त्यसैअनुसार कतिपय कम्पनी खारेज गरे पनि केही फरक पर्दैन । त्यसमाथि पनि अहिले निजीक्षेत्र निकै सबल बनिसकेकाले सरकारले उद्योग खोलेर बसिरहनुपर्ने आवश्यकता देखिँदैन ।

आयोगले निश्चित प्रतिफल र कार्य सम्पादन सूचकहरू दिएर सार्वजनिक संस्थानहरूमा क्षमतावान् व्यक्तिहरू नियुक्ति गर्ने र व्यावसायिक ढंगले संचालन गर्न सक्ने गरी स्वायत्तता प्रदान गर्ने भनी संस्थान सञ्चालनको ढाँचा पनि सुझाव दिएको छ । त्यस्तै सार्वजनिक संस्थानहरूलाई पब्लिक लिमिटेडमा कम्पनीमा रूपान्तरण गरी सर्वसाधारणलाई शेयर विक्री गर्ने र बण्ड जारी गरेर लगानीका लागि पूँजी परिचालन गर्न सक्ने व्यवस्था गर्न पनि सुझाव छ । त्यस्तै सार्वजनिक संस्थानहरूमा कर्मचारीको तलब वा अन्य खर्च भुक्तानी गर्न ऋण दिन बन्द गर्न सुझाव दिइएको छ । हुन पनि करदाताको पैसा यसरी सेतो हात्ती पाल्न प्रयोग हुनु हुँदैन । यस्ता कम्पनीमा योग्य व्यक्तिलाई नेतृत्व दिनुपर्छ र परिणाम आउने गरी काम गर्न दिनुपर्छ । सार्वजनिक संस्थानहरूलाई लिएर जेजे सुझाव दिइएको छ ती सुझाव नेवानिका लागि पनि उत्तिकै लागू हुने देखिन्छ ।

### विदेशी रणनीतिक साझेदार

खनाल आयोगले दिएको सुझावमध्ये एक हो : नेवानिमा रणनीतिक विदेशी साझेदारी ल्याउने । त्यसो त पहिला नेपाल टेलिकममा पनि यस्तै सुझाव आएको थियो तर पछि सर्वसाधारणलाई शेयर जारी गरेर कम्पनीका रूपमा यो सञ्चालन हुन थाल्यो । अहिलेसम्म यसले राम्रै गरेको मान्नुपर्छ । निगममा रणनीतिक साझेदार ल्याउने कुरा गरेको पनि दशक नाघिसकेको छ । तर कुनै पनि मन्त्रीले यसमा निर्णय गर्न सकेनन् । जर्मनीको लुफ्थान्साले साझेदार बन्न चासो दिएको थियो । तर त्यसलाई ककसको स्वार्थमा ढिम्किनै दिइएन ।

वायुसेवा कम्पनीको काम निकै जटिल मानिन्छ । यसमा उचित व्यवस्थापन हुन सकेन भने कुनै पनि बेला कम्पनी टाट पल्टन बेर लगाउँदैन । नेपालमा भने कामै नगर्ने अनि सरकारले हात दिइहाल्छ किन टाउको दुखाउने भन्ने सोच सरकारी संस्थानमा पाइन्छ । निगमलाई पनि सरकारले विमान किनेर दिने, विमान किन्न ऋण निकाल्नका लागि जमानीमा बस्ने जस्तो काम गरिरहेकै छ । तर, यसरी नेवानिलाई सधैं चलाउन सकिँदैन । यसमा परिवर्तन गर्नैपर्छ । त्यसका लागि निजीकरण सबैभन्दा राम्रो विकल्प हो तर यसमा विवाद भने धेरै नै हुन्छ । खनाल आयोगले भने यसमा विदेशी रणनीतिक साझेदार ल्याउन सुझाव दिएको छ । विदेशी रणनीतिक साझेदार ल्याउने विषयमा विगतमा अर्थमन्त्रालयमा फाइल अड्किएर बसेको र प्रक्रियामा सरकारले साथ नदिएको देखिन्छ । सुगतरत्न कंसाकार यसको कार्यकारी प्रमुख हुँदा यससम्बन्धी फाइल मन्त्रालय पठाइएको थियो तर प्रक्रिया अगाडि बढेन । अहिले पनि सरकारले विदेशी रणनीतिक साझेदार ल्याउन सहमति दिने सम्भावना कमै देखिन्छ । सरकार तयार भएछ भने पनि कर्मचारी युनियनहरूले यसको पक्कै विरोध गर्नेछन् ।

- **कुनै बेला अत्यावश्यक मानिएका सार्वजनिक संस्थान अहिले आवश्यक छ कि छैन भन्नेमा मुलुक विभाजित छ ।**
- **सार्वजनिक संस्थानहरूमा कर्मचारीको तलब वा अन्य खर्च भुक्तानी गर्न ऋण दिन बन्द गर्न सुझाव दिइएको छ ।**
- **आवश्यक प्रविधि सहजतापूर्वक हस्तान्तरण गर्न जो सहयोगी छ त्यस्तो कम्पनीसँग समझदारी गर्नुपर्छ ।**
- **नेवानिलाई सधैं यथास्थितिमा छाड्न सकिँदैन । यसमा परिवर्तन गर्नैपर्छ ।**
- **विश्वमा आएका उत्तम अभ्यास र प्रविधिलाई अपनाउन र आत्मसात् गर्न विदेशी व्यवस्थापन सहयोगी हुन्छ ।**
- **विदेशी एयरलाइन्सलाई रणनीतिक साझेदारको रूपमा भित्र्याउनु धेरै कारणले निजीकरण तथा व्यवस्थापन करारको विकल्पभन्दा बढी उपयुक्त देखिन्छ ।**

किन आवश्यक छ रणनीतिक साझेदार ?

खनाल आयोगको सुझावमा नेपाल वायुसेवा निगमको पुनः संरचना गरी बाह्य रणनीतिक साझेदार भित्र्याएर व्यावसायिक ढंगले व्यवस्थापन गर्न सुझाव दिइएको छ । । यस्ता संस्थाहरूलाई व्यवसायिक बनाउन केही समयको लागि विदेशी व्यवस्थापनलाई दिनु पनि उपयुक्त हुने देखिन्छ । रणनीतिक साझेदारी भन्नाले दुई व्यापारिक वा उद्यम संस्थाबीच औपचारिक वा कानूनीरूपमा सम्झौता भन्ने बुझिन्छ । रणनीतिक साझेदारी गर्नु भनेको सोचेजस्ता सजिलो पनि हुँदैन । राम्ररी मोलमोलाइ भएन, वार्तामा स्पष्ट अडान राख्न सकिएन भने नराम्ररी फस्न सकिन्छ । त्यसैले रणनीतिक साझेदार खोज्दा त्यसमा विशेष ध्यान पुर्‍याउनुपर्छ । सम्झौताका फुलस्टप, कमा सबैको अर्थ राम्ररी विश्लेषण गर्न सक्नुपर्छ । साझेदारी खोज्नुभन्दा पहिला आफ्नो क्षमताको मापन गर्नुपर्छ । आवश्यक प्रविधि सहजतापूर्वक हस्तान्तरण गर्न जो सहयोगी छ त्यस्तो कम्पनीसँग समझदारी गर्नुपर्छ । आफूसँग भएको मानवीय शक्ति, प्रविधिसम्बन्धी क्षमता, कच्चापदार्थको उपलब्धता, बजार, उपभोगको क्षमताबारे सूक्ष्म जानकारी आवश्यक पर्छ । तुलनात्मक फाइदाका क्षेत्रहरू केके छन् हेर्न सक्नुपर्छ । आफ्नो क्षमताका विस्तारमा को-कसरी प्रतिस्पर्धी र सहयोगी बन्न सक्छन् त्यसको पनि विश्लेषण गरेर मात्रै साझेदारीपत्रमा हस्ताक्षर गरिनुपर्छ । साझेदारले नाफा खाने र निगमले भने केही पनि नपाउने अवस्था आउन सक्छ ।

रणनीतिक साझेदारीको कुरा गर्नेबित्तिकै त्योसँग गाँसिएर केही प्रश्न देखा पर्छन् । आविष्कार, बौद्धिक सम्पत्तिमाथिको स्वामित्व, प्रविधि हस्तान्तरण, प्रतिस्पर्धा, कर्मचारीको भर्ना, साझेदारी गरिँदा उत्पन्न हुने व्यापारको मौका, खर्च र नाफामा अंशियारी जस्ता विषय गम्भीर रूपमा आउँछन् । त्यस्तै साझेदारी टुंगिँदा के हुन्छ भन्ने पनि स्पष्ट हुनुपर्छ । विशेषगरी आवश्यक नियमित लगानी, बचतको पुनःलगानी र स्थायी सञ्चितिबारे सहमति खोज्नैपर्ने हुन्छ ।

देशमा पूँजीको अभाव छ, व्यवस्थापन पक्ष निकै कमजोर छ र क्षमतायुक्त जनशक्ति छैन । त्यसैले अर्को मुलुकको ठूलो, व्यावसायिक रूपमा सफल, नाफा आर्जन गरिरहेको कम्पनीसँग सहकार्य गर्न, नाफा आर्जन गर्न साझेदारी गरिन्छ । यस्तो साझेदारी अनन्तकालका लागि हुँदैन, केही अवधिका लागि हुन्छ । त्यसअवधिमा शीप सिकेर आफू सक्षम भएपछि कम्पनी फेरि आफै सम्हाल्न सक्ने हुनुपर्छ । कोसँग साझेदारी गर्ने भन्ने निर्णय पनि आफै रोजिँदैन, त्यसका लागि पनि प्रतिस्पर्धा अनिवार्य हुन्छ । यस्तो प्रतिस्पर्धा पनि पारदर्शी हुनुपर्छ । त्यसो भयो भने आशंका गर्ने ठाउँ रहन्न । कसले बढी नाफा आर्जन गर्छ भनेरमात्र हेरिन्न, कसले बढी नाफाको अंश दिन्छ भनेर पनि हेर्नुपर्ने हुन्छ ।

### निजीकरण, रणनीतिक साझेदार कि व्यवस्थापन सुधार ?

नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको र पर्यटन मन्त्रालयअन्तर्गत सञ्चालन भइरहेको नेवानि आव २०७९/८० मा अस्तित्वमा रहेका ४४ सार्वजनिक संस्थानमध्ये उच्च घाटामा रहेका पाँच सार्वजनिक संस्थानको सूचीको पहिलो नम्बरमा रहेको छ । २०५० को दशकपछि ३० ओटा जति संस्थानको निजीकरण गरिएकोमा निजीकरण गरिएका संस्थान निजीकरणको उद्देश्य विपरीत खारेजी हुनु, व्यावसायिक कारोबार बन्द हुनु र खरीदकर्तासँग गरिएको सम्झौताविपरीत कार्य हुनुले निजीकरणबाट अपेक्षाकृत रूपमा उपलब्धि प्राप्त हुन सकेको छैन भनी सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८१ मा अर्थ मन्त्रालयले स्वीकारेको छ ।

निजीकरण गरिएको बाँसबारी छालाजुत्ता कारखानाको जग्गा अवैध तरीकाले निजी संस्थामा पुर्‍याइएको तथ्यले पनि निजीकरण भन्ने शब्दसँग एक हदले यसका हिमायती तर्सिएको अवस्था छ । विदेशी एयरलाइन्सलाई रणनीतिक साझेदारका रूपमा भित्र्याउन धेरै कारणले निजीकरण तथा व्यवस्थापन करारको विकल्पभन्दा बढी उपयुक्त देखिन्छ । तर, यसमा पूरा पारदर्शिता हुनुपर्छ अन्यथा कमिशनको खेल हुने वा छनौट गर्न कठिन हुने, कर्मचारी निकालिँदा विरोध गर्न सक्ने जस्ता समस्याहरू आउन सक्छन् । विदेशी व्यवस्थापकलाई व्यवस्थापन करार दिए पनि अन्य विविध कारणले गर्दा उल्लेख्य काम गर्न कठिन हुनसक्छ । अनौपचारिक अर्थतन्त्रका जगमा खडा भएको, कर्पोरेट इतिहास तथा संस्कृति नभएको र लामो व्यावसायिक अनुभवको कमीजस्ता समस्या नेपाली अर्थतन्त्रका विशेषता हुन् । नेपालमा व्यवस्थापकीय समस्या धेरै चर्को छ । ट्रेड युनियनका दबदबा, कम उत्पादकत्व भएको जनशक्ति र जिम्मेवारी बोधको अभावजस्ता समस्या छन् । यी समस्यालाई कम गर्न विदेशी व्यवस्थापन सहयोगी हुन सक्छ । विश्वमा आएका उत्तम अभ्यास र प्रविधिलाई अपनाउन र आत्मसात् गर्न विदेशी व्यवस्थापन सहयोगी हुन्छ । विदेशी व्यवस्थापन भित्र्याउन विभिन्न उपाय हुन्छन् । तीमध्ये बढी उपयुक्त रणनीतिक साझेदार हुन सक्छ । तर, कम्पनीको मूल्यांकन गरेर साझेदारको अंश, नाफानोक्सानको साझेदारीजस्ता कुरा सम्झौतामा स्पष्ट पार्न सकिएन भने झनै समस्या नहोला भन्न पनि सकिन्न । एउटा कुरा के चाहिँ हो भने निगमलाई कुनै पनि हालतमा यथास्थितिमा छाड्न हुँदैन । हवाई सेवाको ठूलो अंश विदेशी वायु सेवा कम्पनीले लिनु र विदेशी कम्पनीले कमाएर लगेको टुलुटुलु हेर्नु कुनै पनि हालतमा उपयुक्त मान्न सकिँदैन ।

*लेखक पर्यटन व्यवसायी हुन् ।*

# ९ महीनामा वैदेशिक व्यापारका केही सकारात्मक पक्ष



> **चालू आवको प्रथम ९ महीनामा सबैभन्दा बढी मूल्यको भटमासको तेल निर्यात भएको छ । यसले कुल निर्यातको ३३ प्रतिशत अंश ओगटेको छ । यसको निर्यात मूल्य रू. ६२ अर्ब ७८ करोड रहेको छ ।**
>
> **- राम वाग्ले**

चालू आर्थिक वर्ष (आव) २०८१/८२ को प्रथम ९ महीनाको कुल वैदेशिक व्यापारमा गतवर्षको सोही अवधिको तुलनामा १६ दशमलव ८९ प्रतिशतले वृद्धि भएको छ । भन्सार विभागबाट प्रकाशित तथ्याङ्क अनुसार चालू आवको प्रथम ९ महीनामा रू. १३०९ अर्ब ५३ करोड रुपैयाँको आयात भएको छ जुन गत वर्षको सोही अवधिमा भएको रू. ११६७ अर्ब ३७ करोड रुपैयाँको तुलनामा करीब १२ दशमलव १८ प्रतिशतले बढी हो । यस अवधिमा निर्यातमा पनि उल्लेखनीय सुधार आएको छ । यद्यपि व्यापारघाटा उच्च नै रहेको छ । गतवर्ष यस अवधिमा रू. ११३ अर्ब ९५ करोडको निर्यात भएकोमा यस वर्ष रू. १८८ अर्ब २० करोड रुपैयाँको निर्यात भई ६५ दशमलव १६ प्रतिशतले वृद्धि भएको छ । व्यापारघाटा यस वर्ष गत वर्षको तुलनामा करीब ६ दशमलव ४५ प्रतिशतले वृद्धि भएको छ ।

### प्रमुख आयात

चालू आवको प्रथम ९ महीनामा मूल्यका दृष्टिले सबैभन्दा बढी मूल्यको आयातित मालवस्तुमा पेट्रोलियम तथा कोइला शीर्षकअन्तर्गत रहेको छ । यिनको आयात मूल्य रू. २३६ अर्ब ७३ करोड रहेको छ । यस अवधिमा आयात भएको पेट्रोलियम तथा कोइला शीर्षकको अंश कुल आयातमा करीब १८ प्रतिशत रहेको छ । दोस्रोमा फलाम तथा इस्पात (आयात मूल्य रू. १०४ अर्ब ४८ करोड) रहेको छ । यसको आयात कुल आयातको करीब ८ प्रतिशत अंश रहेको छ । तेस्रोमा जीवजन्तुको बोसो तथा वनस्पतिको तेल (आयात मूल्य रू. १०१ अर्ब ९४ करोड) रहेको छ जसको आयात अंश कुल आयातमा करीब ८ प्रतिशत रहेको छ । चौथोमा मेशिनरी तथा सम्बद्ध उपकरणहरू (आयात मूल्य रू. ८८ अर्ब ४८ करोड) र पाँचौंमा विद्युतीय उपकरणहरू (आयात मूल्य रू. ८६ अर्ब १० करोड) रहेको छ । यी दुवै वस्तु प्रत्येकको अंश ७ प्रतिशत रहेको छ । यस अवधिमा आयातित यी प्रमुख पाँच वस्तुले कुल आयातको ४७ प्रतिशत अंश ओगटेका छन् ।

### प्रमुख निर्यात

चालू आवको प्रथम ९ महीनामा सबैभन्दा बढी मूल्यको भटमासको तेल निर्यात भएको छ । यसले कुल निर्यातको ३३ प्रतिशत अंश ओगटेको छ । यसको निर्यात मूल्य रू. ६२ अर्ब ७८ करोड रहेको छ । मूल्यको तुलनाका हिसाबले यसको निर्यात निकै उच्च भएको देखिन्छ । अन्य प्रमुख निर्यात हुने वस्तुहरूमा सूर्यमुखी तेल, गलैंचा (कार्पेट) र कपडाजन्य अन्य भुइँ ढाक्ने वस्तुहरू (फ्लोर कभरिङ्स), अलैंची र एलुमिनियम, जिङ्क मिश्रण धातुको जलप लगाएको फलाम पाता रहेका छन् । यी पाँच वस्तुको निर्यातले कुल निर्यातको ४८ प्रतिशत अंश ओगटेको छ ।

### राजस्व सङ्कलन

चालू आवको चैत महीनासम्मको वस्तु आयातबाट रू. ३४३ अर्ब ११ करोड राजस्व सङ्कलन भएको छ । समीक्षा अवधिमा सबैभन्दा बढी राजस्व सङ्कलन पेट्रोलियम पदार्थ तथा कोइला शीर्षक अन्तर्गतका उपशीर्षकमा डिजेल (राजस्व सङ्कलन रू. ४० अर्ब ३९ करोड), पेट्रोल (रू. ३१ अर्ब ९ करोड), एलपी ग्यास (रू. ८ अर्ब ६९ करोड) गरी जम्मा राजस्व रू., ८० अर्ब १७ करोड अर्थात् २३ प्रतिशत सङ्कलन भएको छ । विद्युतीय कार जीप भ्यान (एचएस कोड ७०३८०५९) आयातबाट रू. ६ अर्ब ९४ करोड र पेट्रोलबाट चल्ने १००० देखि १५०० सीसीसम्म क्षमताका सवारीसाधन आयातबाट रू. ६ अर्ब ८ करोड राजस्व सङ्कलन भएको छ ।

### प्रमुख निर्यात वस्तु भटमासको तेल र सम्बद्ध वस्तुको आयात

चालू आवको प्रथम ९ महिनामा सबैभन्दा बढी मूल्यको निर्यात मालवस्तुमा भटमासको तेल रहेको छ । नेपालमा भटमास उत्पादन गर्न सकिने प्रशस्त सम्भावना छ । भटमाससँग सम्बद्ध उत्पादनमध्ये सबैभन्दा धेरै मूल्यमा आयात गरिएका र खास गरी भटमासको प्रशोधित तेल उत्पादनसँग सम्बन्धित आयातहरूमा एचएस कोड १५०७१००० अन्तर्गत पर्ने रासायनिक परिवर्तन नगरेको, प्रशोधित वा अप्रशोधित भटमासको तेलको यस अवधिको आयात रू. ६६ अर्ब ६ करोडको देखिन्छ । कच्चा भटमासको तेलले आयातमा पहिलो डिजेलपछि दोस्रो स्थान लिन सफल भएको छ भने पेट्रोलको आयात तेस्रो स्थानमा पुगेको छ । यसले कुल आयातको ५ प्रतिशत अंश ओगटेको छ । यसको आयात गरिने देशहरूमा अर्जेन्टिना प्रमुख रहेको छ । समीक्षा अवधिमा त्यहाँबाट ३३ करोड ५७ लाख लिटर परिमाणको करिब रू. ५२ अर्बको कच्चा भटमासको तेल आयात भएको छ । यसको आयात भएका अन्य प्रमुख देशमध्ये ब्राजिलबाट ४ करोड ८० लाख लिटर (रू. ७ अर्ब २७ करोड मूल्यको), थाइल्यान्डबाट रू. १ करोड ६५ लाख लिटर (रू. २ अर्ब ३३ करोड मूल्यको), इराकबाट १ करोड २४ लाख लिटर (रू. १ अर्ब ८५ करोड मूल्यको), युक्रेनबाट १ करोड ९ लाख लिटर (रू. १ अर्ब ७३ करोड मूल्यको), चीनबाट ६० लाख लिटर (रू. १ अर्ब २ करोड मूल्यको) आयात भएको छ । एचएस कोड २३०४०००० अन्तर्गत पर्ने भटमासको पीना वा अन्य ठोस अवशेष रू. १० अर्ब ५५ करोडको आयात भएको थियो । आयात गरिने देशहरूमा भारत (१५३ हजार मेट्रिक टन परिमाणको रू. ९ अर्ब ५९ करोड मूल्यको) र संयुक्त राज्य अमेरिका (१२ हजार मेट्रिक टन परिमाणको रू. ९५ करोड मूल्यको) रहेका छन् । एचएस कोड १२०१९००० अन्तर्गत पर्ने बीउबाहेकको दलेको वा नदलेको भटमासको आयात रू. ६ अर्ब ९ करोडको देखिन्छ । आयात गरिने प्रमुख देशहरूमा संयुक्त राज्य अमेरिका (७४ हजार मेट्रिक टन परिमाणको रू. ५ अर्ब ५३ करोड मूल्यको), भारत (५ हजार मेट्रिक टन परिमाणको रू. ४२ करोड मूल्यको) र क्यानाडा (१४५८ मेट्रिक टन परिमाणको रू. ११ करोड ७८ लाख मूल्यको) रहेका छन् । भटमाससँग सम्बद्ध अन्य नगण्य मूल्यका वस्तु यहाँ उल्लेख गरिएको छैन

*लेखक तथ्याङ्क शास्त्री एवं भन्सार विभागका पूर्वकर्मचारी हुन् ।*

# डुबानप्रभावित क्षेत्रमा चैते धान विकल्प



भजनी (कैलाली) । भजनी नगरपालिकाका कृष्ण चौधरी पाँच वर्षदेखि चैते धानखेती गरिरहेका छन् । पाँच कट्ठा क्षेत्रफलबाट शुरू गरेको चैते धान अहिले तीन बिघामा फैलिएको छ । राम्रो उत्पादन दिने भएपछि उनले खेती विस्तार गर्दै लगेको बताए । 'मेहनत बढी छ, सिँचाइ पुर्‍याउन सक्यो भने बर्खेभन्दा चैते धानले बढी उत्पादन दिन्छ,' उनी भन्छन्, 'बजारको पनि समस्या छैन । उत्पादन राम्रो हुने भएपछि किसानको आकर्षण बढ्ने नै भयो ।'

बर्खाका बेला डुबानका कारण कुनै खेती नहुने भएकाले पनि कृष्णजस्ता सयौं किसानका लागि चैते धान विशेष बनेको छ । जिल्लाकै सबैभन्दा बढी डुबानको चपेटामा पर्ने भजनीका फाँट यतिबेला धानले हरियाली छन् । हिउँदे बाली भित्र्याएर अधिकांश किसानले धान रोपेका छन् । कतिपय किसान अझै पनि धान रोप्न व्यस्त छन् । 'हाम्रो यता बर्खाको समयमा डुबान बढी हुने भएकाले खेती हुँदैन,' सोही ठाउँका बलदेव चौधरी भन्छन्, 'चैते धान नै प्रमुख बनेको छ । त्यहीँ उत्पादन भएको धानले खान पुगेको छ भने अन्य आर्थिक कारोबार पनि त्यसैबाट टर्ने गरेको छ ।'

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले भजनी क्षेत्रमा चैते धान विस्तार कार्यक्रम सञ्चालन गरेको छ । नगरपालिकाको वडा नं ३ र ८ मा धान जोन नै सञ्चालन गरेको छ । किसानमा चैते धानप्रति देखिएको आकर्षणले धानखेती विस्तार कार्यक्रम राम्रो बन्दै गएको परियोजना प्रमुख गोविन्दराज जोशीले बताए ।

'परियोजनाले जोन नै सञ्चालन गरेपछि किसानले ठूलो सहुलियत पाउनुभएको छ । वर्षेनि धानखेती विस्तार पनि हुँदै गएको छ,' उनले भने, 'गत वर्ष करिब ५०० हेक्टरमा चैते धानमा परियोजनाको सहयोग रहेको थियो, यस वर्ष झन्डै ५०० हेक्टरमा विस्तार भएको छ ।'

परियोजनाले भजनीसहित कैलारी र जोशीपुर गाउँपालिका तथा घोडाघोडी नगरपालिकामा पनि चैते धान विस्तार कार्यक्रम सञ्चालन गरेको छ । परियोजना प्रमुख जोशीका अनुसार यस वर्ष परियोजनाले हजार हेक्टरमा चैते धान विस्तारमार्फत सहयोग गरेको छ । उनले किसानलाई बीउसँगै अन्य कृषि उपकरणमा परियोजनाले सहयोग गर्दै आएको बताए । कृषि ज्ञान केन्द्रको तथ्यांक अनुसार यस वर्ष १ हजार ५०० हेक्टरमा चैते धान रोपाइँ भएको छ । पोहोरभन्दा यस वर्ष ३०० हेक्टरले धानखेती बढेको ज्ञान केन्द्रका प्रमुख टेकबहादुर विष्टले जानकारी दिए । 'यकिन तथ्यांक त संकलन भइसकेको छैन, तैपनि १ हजार ५०० भन्दा बढी हेक्टरमा धानखेती भएको छ । जसमध्ये ज्ञान केन्द्रले २ सय ५० हेक्टरमा सहयोग गरेको छ,' उनले भने, 'जसमध्ये ८० प्रतिशत धानखेती भजनी नगरपालिकामा भइरहेको छ ।'

भजनीमा २०६३ सालमा आएको बाढीका कारण १ करोड ५० लाख रुपैयाँभन्दा बढीको धान बालीमा क्षति भएपछि त्यसको विकल्पमा किसानले चैते धान शुरू गरेको विष्टले बताए । बर्खे धानभन्दा राम्रो उत्पादन दिने भएका कारण किसानको आकर्षण बढ्दै गए पनि लागत भने महँगो हुने गरेको उनको भनाइ छ । 'अहिलेको सिजनमा सिँचाइको सहज पहुँच हुँदैन, जमिनमुनिबाट पानी तानेर सिँचाइ गर्न महँगो पर्छ,' उनले भने, 'सिँचाइमा सहजताका लागि हामीले बिजुलीमा सहुलियतको लागि किसानलाई सहयोग पुग्ने गरी कार्यक्रम बनाइरहेका छौं ।' किसानलाई धान बाली भित्र्याउन र धान सुकाउन आवश्यक मेसिनरी अनुदानको योजनामा ज्ञान केन्द्र रहेको विष्टले बताए ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र कृषि ज्ञान केन्द्रले चैते धानमा सहयोग गरेपछि भजनी नगरपालिकाले यस वर्ष सो क्षेत्रमा सहयोग गरेको छैन । कार्यक्रमको 'डुब्लिकेसन' हुने भन्दै सो कार्यक्रम चालू आर्थिक वर्षमा समावेश नगरिएको नगरपालिकाका कृषि शाखा प्रमुख सुशोभन अधिकारीले बताए । 'हामीले कार्यक्रम नराखे पनि प्राविधिक सहयोग भने रहेको छ,' उनी भन्छन्, 'चैते धानमा बर्सेनि किसानको संख्या बढ्दै गएको छ । यस वर्ष नगरपालिका क्षेत्रभित्र हजार हेक्टरभन्दा बढीमा चैते धान विस्तार भएको छ ।' अधिकारीले आवश्यकताका आधारमा किसानलाई सहजीकरण गर्दै आएको पनि बताए ।

सरकारले पनि पहिलोपटक चैते धानको समर्थन मूल्य तोकेको छ । सरकारले चैते धानको समर्थन मूल्य तोक्नुपर्ने माग गर्दै आएका किसान माग पूरा भएपछि झन् खुसी भएका छन् । *रासस*

बाँकी पृष्ठ १ बाट ...

**किन रोकियो ...**

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका प्रवक्ता सन्दीपकुमार देवले पनि समझदारीको तयारी रहेको तर अन्तिम समयमा रोकिएको बताए । सबै प्रक्रिया पूरा भएपछि रोकिएको समझदारी फेरि हुने र अहिले भएको प्रसारण लाइन निर्माणको समझदारीअनुसार काम अघि बढाउन मन्त्रालय अग्रसर रहेको उनले बताए ।

उक्त परियोजनाबाट भारतीय लगानीकर्ताले २१ प्रतिशतभन्दा बढी निःशुल्क बिजुली नेपाललाई दिने प्रतिबद्धता व्यक्त गरेको छ । तर, पछिल्लो समय एनएचपीसीले निःशुल्क बिजुलीको शर्त हटाउन लबिइङ गरिरहेको छ ।

**डिजिटल मुद्रा ...**

अर्थतन्त्र नगदबाट विस्तारै डिजिटलमा रूपान्तरण हुँदै गएकाले विद्युतीय मुद्रा आवश्यक भए पनि सफलताका लागि राजनीतिक स्वामित्व र सर्वसाधारणको स्वीकार्यता पनि उत्तिकै जरुरी रहेको प्रतिवेदनमा उल्लेख छ । विश्वभर निजीक्षेत्रबाट जारी भएका क्रिप्टोकरेन्सीलगायत विद्युतीय मुद्रामा सर्वसाधारणको आकर्षण बढेसँगै केन्द्रीय बैंकहरूले सीबीडीसी निष्कासन गर्न थालेका हुन् । निजीक्षेत्रबाट जारी विद्युतीय मुद्रामा कानूनी आधार तथा जिम्मेवार निकाय नहुने भएकाले यसमा लगानी जोखिमपूर्ण मानिन्छ । तर, केन्द्रीय बैंकले जारी गर्ने विद्युतीय मुद्राको जिम्मेवारी केन्द्रीय बैंकले नै लिने भएकाले सुरक्षित मानिन्छ । विद्युतीय मुद्रा विद्युतीय रूपमा कारोबार गर्न सकिने मुद्रा हो । तर, यसको प्रयोग सोही देशभित्र मात्र सीमित हुन्छ । यसको प्रयोगले विद्युतीय भुक्तानीमा सर्वसाधारणलाई आकर्षित गर्न सकिने र नोट छपाइ तथा वितरणमा हुँदै आएको खर्च कटौती हुने केन्द्रीय बैंकले बताएको छ ।

हालसम्म भारत, चीनलगायत विश्वका ११ ओटा देशले विद्युतीय मुद्रा प्रचलनमा ल्याएका छन् । चीनमा सन् २०२० मा शुरुआत गरिएको डिजिटल मुद्रा डिजिटल युआन परीक्षणकै क्रममा छ । भारतमा डिजिटल रूपीको नाममा सन् २०२२ देखि नै विद्युतीय मुद्रा प्रचलनमा ल्याइएको छ । हाल छिमेकी भारतमा मुम्बईलगायत १३ ओटा शहरमा यसको परीक्षण कारोबार भइरहेको छ ।

**तेस्रो त्रैमाससम्म ...**

आर्थिक वर्षको अन्त्यसम्मको वितरणयोग्य मुनाफाको आधारमा बैंकहरूको लाभांश क्षमता आकलन हुने भएकाले आगामी त्रैमाससम्म वितरणयोग्य मुनाफामा सुधार आयो भने लगानीकर्ताको हात खाली नहुने अवस्था आउन सक्छ ।

पूर्वबैंकर भुवन दाहालले पछिल्लो समय आर्थिक गतिविधि बढ्न थालेसँगै बैंकहरूको कर्जा असुलीमा पनि सकारात्मक प्रभाव परेको भन्दै आगामी वर्षसम्म बैंकहरू लाभांश वितरण गर्न सक्ने क्षमतामा पुग्ने अनुमान लगाए ।

पछिल्लो समय बैंकहरूले लगानी बढाएको र नयाँ लगानीमा खासै समस्या नभएको जानकारीका आधारमा आगामी दिनमा बैंकहरूको वितरणयोग्य नाफा सकारात्मक बन्ने अनुमान दाहालले गरेका हुन् ।

बैंकहरूले इम्पेरमेन्ट चार्जबापतको रकम फिर्ता पाएको अवस्थाले पनि आगामी दिनमा वितरणयोग्य मुनाफा बढ्न सक्ने दाहालले बताए । कुनै कर्जा निष्क्रिय हुन सक्ने देखिएमा त्यस्तो कर्जालाई इम्पेरमेन्ट चार्जको वर्गमा राखी ब्यालेन्ससिट बनाउनुपर्छ । बैंकहरूले कर्जा नोक्सानी व्यवस्थाका लागि इम्पेरमेन्ट चार्ज छुट्ट्याउँछन् ।

तेस्रो त्रैमाससम्म वाणिज्य बैंकहरूले त्यस्तो रकम ३५ अर्ब रुपैयाँभन्दा बढी छुट्ट्याएका छन् । गतवर्ष बैंकहरूले इम्पेरमेन्ट चार्जबापत ३९ अर्ब ८७ करोड रुपैयाँभन्दा बढी छुट्ट्याएका थिए । तेस्रो त्रैमाससम्म १४ वाणिज्य बैंक वितरणयोग्य मुनाफामा छन् । वितरणयोग्य मुनाफामै रहेका कम्पनीहरू पनि लाभांश वितरण गर्न सक्ने अवस्थामा छन् भन्न सकिँदैन । तथ्यांकगत रूपमा हेर्दा एभरेष्ट बैंकको वितरणयोग्य नाफा सबैभन्दा बढी छ भने सबैभन्दा कम माछापुच्छ्रे बैंकको छ । एभरेष्टको वितरणयोग्य नाफा गतवर्षको तुलनामा करीब ३४ प्रतिशतले बढेर ३ अर्ब ६७ करोड ८७ लाख रुपैयाँ कायम भएको छ । गतवर्ष यस अवधिसम्म एभरेष्ट बैंकको वितरणयोग्य नाफा २ अर्ब ७५ करोड रुपैयाँभन्दा बढी थियो ।

यस वर्षको वितरणयोग्य नाफाको आधारमा कम्पनीको लाभांश क्षमता २८ दशमलव ४२ प्रतिशत रहेको देखिन्छ ।

हाल एभरेष्ट बैंकको चुक्ता पूँजी १२ अर्ब ९४ करोड ४६ लाख ९४ हजार रुपैयाँ छ । त्यस्तै गतवर्ष ३० करोड ५६ लाख रुपैयाँभन्दा बढी ऋणात्मक अवस्थामा रहेको माछापुच्छ्रे बैंक यस वर्षको सोही अवधिमा ७ करोड ७ लाख रुपैयाँभन्दा बढी वितरणयोग्य नाफा कायम गर्न सफल भएको छ । हाल माछापुच्छ्रे बैंकको चुक्ता पूँजी ११ अर्ब ६२ करोड १३ लाख ५७ हजार रुपैयाँ छ । वितरणयोग्य मुनाफाका आधारमा माछापुच्छ्रे बैंकको लाभांश क्षमता शून्य दशमलव ६१ प्रतिशत मात्र छ ।

यस वर्ष धेरैजसो कम्पनीको वितरणयोग्य मुनाफा सकारात्मक बन्नुको कारण पछिल्लो समय नेपाल राष्ट्र बैंकले बैंक, वित्तीय संस्थाहरूले असल वर्गमा भएको कर्जाको नोक्सानी व्यवस्था १ दशमलव १० प्रतिशतबाट घटाएर १ प्रतिशत कायम गर्नुलाई जानकारहरूले औंल्याएका छन् । यो व्यवस्थाका कारण गतवर्ष कर्जा तथा नोक्सानी व्यवस्थाका लागि बढी रकम व्यवस्था गरेका कम्पनीहरूले यस वर्ष रकम फिर्ता पाएको जानकारहरूको भनाइ छ ।

**एक अर्ब रुपैयाँभन्दा ...**

विगतका तथ्यांकबाट नेपालमा पूर्वाधारमा वार्षिक २ खर्बदेखि ३ खर्ब रुपैयाँसम्म मात्र लगानी भइरहेकाले लगानीको आवश्यकता र उपलब्धताका बीच रहेको कमी परिपूर्ति गर्न लगानीको नवीन स्रोत र उपायहरूको आवश्यकता रहेको छ,' विधेयकमा लेखिएको छ ।

विधेयकमा व्यवस्था गरिएअनुसार वैकल्पिक विकास वित्त परिचालनका लागि विभिन्न उपाय अपनाइनेछ । कुनै आयोजना विशेषका लागि वित्तीय उपकरण वा ऋणपत्र जारी गरी वा स्वपूँजी (इक्विटी) वा ऋण वा मिश्रित वित्तीय उपकरणको माध्यमबाट लगानीकर्ता वा सर्वसाधारणबाट रकम उठाएर र सरकार वा कुनै अन्तरराष्ट्रिय वित्तीय संस्था वा कुनै खास आयोजना कार्यान्वयन गर्ने संस्था वा निकायको जमानत लिई वा कोषको स्वजमानतमा त्यस्तो आयोजनाका लागि आयोजना विशेष ऋण उठाएर वित्त परिचालन गरिनेछ ।

त्यसैगरी सरकार वा अन्तरराष्ट्रिय वित्तीय संस्थाबाट पूर्ण वा आंशिक जमानत प्राप्त गरी सर्वसाधारण वा वित्तीय संस्थाबाट ऋण वा ऋणपत्र वा दुवै प्राप्त गर्न जमानत कोष स्थापना गरेर पनि वित्त परिचालन गरिने भएको छ ।

'स्वदेशी वा विदेशी लगानीकर्ताबाट पूँजी संकलन गरी लगानी कोष स्थापना गरेर, वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक वा गैरआवासीय नेपालीको लगानीमा विप्रेषण कोष (रेमिट फन्ड) स्थापना गरेर, कुनै निकाय वा आयोजनाको सम्पत्ति मौद्रिकीकरण गरेर, पूर्वाधार आयोजनामा लगानी गर्न स्थापना भएका विभिन्न कोषमा लगानी गर्न एकीकृत कोष (फन्ड अफ फन्ड) स्थापना गरेर पनि वित्त परिचालन गर्ने प्रावधान विधेयकमा समेटिएको छ । 'अन्य वित्तीय उपकरण प्रयोग गरी कोष स्थापना वा वित्तीय उपकरण जारी गरेर वैकल्पिक विकास वित्त परिचालन गरिनेछ,' विधेयकमा भनिएको छ ।

वैकल्पिक विकास वित्त परिचालन गर्न सरकारले 'वैकल्पिक विकास वित्त कोष' स्थापना गर्नेछ । यो संस्था स्वायत्त हुनेछ । विकासका नवीन स्रोतहरूको परिचालन गर्न, निजीक्षेत्रलाई सार्वजनिक पूर्वाधार विकासमा आकर्षित गर्न र हालको वित्तीय स्रोतको कमी पूर्ति गर्न यस्तो कोष बनाउन लागिएको हो । राष्ट्रिय प्राथमिकताका परियोजनामा स्रोत जुटाउन ऋणपत्र, स्वपूँजी कोष र अन्य वित्तीय उपकरणमार्फत वैकल्पिक विकास वित्त परिचालन गरिनेछ । यसका लागि सरकारले १ खर्ब अधिकृत पूँजी र २५ अर्ब रुपैयाँ चुक्ता पूँजी भएको वैकल्पिक वित्त कोष बनाउने विधेयकमा उल्लेख छ । शुरूमा चुक्ता पूँजीको ५१ प्रतिशत सरकारको लगानी हुने उक्त कोषमा पछि सरकारी लगानीको अंश घटाउँदै जाने नीति लिइने उल्लेख गरिएको छ ।

विद्युत् उत्पादन, प्रसारण तथा वितरण आयोजना, सडक, रेलमार्ग, विमानस्थल, सुरुङमार्गसहितका पूर्वाधार बनाउन सरकारले निजीक्षेत्रले समेत जम्मा गर्न पाउने गरी कोष बनाउन लागेको हो । कोषले कुनै आयोजनामा ऋण लगानी गर्दा वा जमानत दिँदा प्रस्तावित आयोजना धितोमा लिनुपर्ने विधेयकमा उल्लेख छ । ऋण/जमानत दिएको रकम असुल गर्न प्रस्तावित आयोजना धितोमा राख्नुपर्छ । यस्तै सरकारले उक्त कोषले जारी गरेको ऋणपत्रलाई पनि अन्य ऋणपत्रसरह मान्यता दिने प्रस्ताव गरेको छ । सरकारले जारी गरेको विकास ऋणपत्र, नागरिक बचतपत्र वा केन्द्रीय बैंकले जारी गरेको ऋणपत्रसरह व्यवहार गर्ने गरी कानून बनाइनेछ । 'यसबाहेक कोषले जारी गरेको अन्य वित्तीय उपकरणसमेत धितोपत्र बजारमा सूचीकृत हुन र दोस्रो बजारमा खरीदविक्री गर्ने प्रयोजनका लागि सरकारले जारी गरेको ऋणपत्रसरह व्यवहार र शुल्क लाग्नेछ,' विधेयकमा भनिएको छ, 'कोषले जारी गरेका ऋणपत्र वा डिबेन्चर मुलुकभित्र वा विदेशी पूँजी बजारमा सूचीकृत गरी धितोपत्र बजारमा किनबेच गर्ने वा तरलता बजार विकास गरिनेछ ।' यसका लागि नेपाल राष्ट्र बैंकको स्वीकृतिमा विदेशी पूँजी बजारमा सूचीकृत हुने वा धितोपत्रसम्बन्धी उपकरण जारी गर्न सकिने विधेयकमा उल्लेख छ ।

प्रस्तावित विधेयकमा कोषलाई संयुक्त उपक्रम (जोइन्ट भेन्चर) वा लगानीका लागि पनि खुला गरिएको छ । अर्थ मन्त्रालयका अनुसार उक्त कोषमा बीमा कम्पनी, अन्तरराष्ट्रिय वित्तीय संस्था वा विदेशी बैंक वा वित्तीय संस्था, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोषहरूले लगानी गर्न पाउनेछन् । मन्त्रालयका अनुसार यसमा सरकारको शेयर अंश ५१ प्रतिशत हुनेछ । अवकाश कोष व्यवस्थापक संस्थाहरू, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोषहरूको २५ प्रतिशत र बीमा कम्पनी र पुनर्बीमा कम्पनीहरूले बाँकी २४ प्रतिशत शेयर स्वामित्व पाउनेछन् । यस्तो कोषले १ अर्ब रुपैयाँभन्दा कम लागत अनुमान भएका आयोजनामा लगानी गर्ने छैन । 'वित्तीय प्रतिफल न्यून रहने अनुमान भएको आयोजना, कोषले प्रदान गर्ने ऋण वा जमानतको धितो राख्न नसक्ने आयोजना, कोषले जारी गरेको ऋणपत्र वा डिबेन्चर धितो वा जमानत राखी ऋण माग गर्ने आयोजनामा कोषले लगानी गर्ने छैन,' विधेयकमा भनिएको छ ।

## राजनीतिसँगै व्यावसायिक खेती

# मेवा बेचेर १८ लाख आम्दानी

त्रिवेणी (नवलपरासी) । नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको कावासोती-१७ का मीनबहादुर महतो राजनीतिसँगै व्यावसायिक कृषिमा संलग्न छन् । पछिल्लो समय उनको खेतमा मेवा पाकेर पहेँलपुर छ । उनी मेवा टिपेर बजार पठाउन व्यस्त छन् । तीन बिघामा मेवाखेती गरेका महतोले यसपालि ६० टन बेचेर करीब १८ लाख रुपैयाँ आम्दानी गरिसकेको बताए । मेवा विक्रीमा खासै समस्या नभएको उनको भनाइ छ । उत्पादन भएको मेवा मुख्य गरी वीरगन्जमा खपत हुने गरेको छ । वीरगन्जका व्यापारीले आफूले उत्पादन गरेको सबैजसो मेवा माग गर्ने गरेको उनको भनाइ छ । केही मेवा उनी काठमाडौं पनि पुर्‍याउँछन् । गत वर्ष चैतमा नयाँ बिरुवा लगाएका महतोले असोजबाट विक्री शुरू गरेको जानकारी दिए । असोजबाट फल पाक्न थालेको र अहिलेसम्म लगातार बजारमा पठाउँदै आएको उनले बताए । 'मेवा विक्रीका लागि बजारको समस्या छैन, उत्पादन भएको सबै बजारमा गएकै छ । अझ धरानबाट पनि माग थियो, तर त्यता पठाइनँ वीरगन्जमै खपत भएको छ,' उनले भने ।

छलविर जस्तै नरमती रसाइलीको दिनचर्या पानीको जोहो गर्नमै बित्छ । उनले खानेपानी ल्याउनका लागि छिमेकी पालिका ढोरपाटन नगरपालिका-५ स्थित वसन्तधाराको मुलसम्म पुग्ने गरेको बताइन् । 'एक/दुई गाग्री पानी आउँछ, कहिले त्यही पनि आउँदैन, एक घण्टा हिँडेर पानी बोक्नुपर्ने अवस्था छ, बर्खामा पुरानो धारामा जेनतेन पानी आउने भए पनि हिउँदमा झनै सास्ती हुन्छ,' नरमतीले भनिन् ।



केही वर्षअघि अर्नाकोटमा लिफ्टिङ प्रविधिबाट ल्याइए पनि पटक-पटक बिग्रिएर समस्या भएको छ । विसं २०४७ मा ल्याएको खानेपानी आयोजनाको मुहान सुक्दा अर्नाकोटबाट हरेक दिन बसाइ सर्नेहरू बढिरहेको स्थानीय ओमबहादुर रसाइलीले बताए । उनले निसीखोलाको पातीहाल्ने नजिकैबाट पानी ल्याउन सम्भव देखिए पनि बजेट अभाव भएको बताए । ढोरपाटन नगरपालिका-५ र निसीखोला-२ मा पर्ने अर्नाकोट क्षेत्रमा करीब चार सय घरधुरी छन् । सबै घरमा खानेपानीको अभाव छ ।

पानीको जोहो गर्नुपर्ने बाध्यताले पठनपाठनमा असर गरिरहेको अर्नाकोट माध्यमिक विद्यालयका प्रधानाध्यापक ईश्वर सिर्पालीले बताए । विद्यालयमा पर्याप्त पानी नहुँदा बालबालिकालाई खानेपानीको व्यवस्था गर्न नसक्नुका साथै सरसफाइदेखि स्वास्थ्यका क्रियाकलापसमेत प्रभावित भएको उनको भनाइ छ ।

उच्च भू-भागमा रहेको अर्नाकोटमा खानेपानी अभाव रहेको भन्दै मुहानको अभाव रहेको वडाध्यक्ष कुबिर विश्वकर्माले बताए । 'अर्नाकोट बस्तीमा नजिकै पानीको मूल छैन, भएका साना मूल सुके, लिफ्ट आयोजना दीर्घकालीन भएन,' उनले भने, 'बस्तीबाट निकै टाढा रहेका मूलबाट अर्नाकोटमा पानी झार्न धेरै बजेट चाहिन्छ, त्यो वडाबाट सम्भव छैन, पालिकामार्फत प्रदेश र संघ सरकारसँग बजेट माग भइरहेको छ ।' *रासस*

# 'मातृ मृत्युदर घटाउन सेवा र निगरानीको पहुँच पुऱ्याउनुपर्छ'



कास्की । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले मातृ मृत्युदर र आत्महत्या घटाउन प्रदेश सरकारले उच्च प्राथमिकता दिएको जानकारी दिएका छन् । राष्ट्रिय महिला आयोगद्वारा बुधवार पोखरामा आयोजित 'लैंगिक न्याय सम्बन्धमा स्थानीय सरकारका न्यायिक समितिसँग प्रदेशस्तरीय अन्तरक्रिया' कार्यक्रममा उनले अन्य प्रदेशको तुलनामा मातृ मृत्युदर गण्डकी प्रदेशमा बढी रहेको उल्लेख गरे । मातृ मृत्युदर न्यूनीकरण गर्न गर्भवती र सुत्केरीको लागि विशेष स्वास्थ्य सेवा र निगरानीको पहुँच पुऱ्याउन प्रदेश सरकार लागि परेको उनको भनाइ थियो ।

'गण्डकी प्रदेशमा औसतमा दैनिक एकदेखि तीन जनासम्मले आत्महत्या गर्ने गरेको पाइएको छ, जसमा महिलाको संख्या ६० देखि ७० प्रतिशतसम्म छ,' मुख्यमन्त्री पाण्डेले भने, 'आत्महत्या न्यूनीकरणका लागि प्रहरीसँग मिलेर समुदायस्तरमा सचेतना र मनोपरामर्शका कार्यक्रम सञ्चालन गरिरहेका छौं ।'

आकस्मिक उपचारका लागि गर्भवती तथा सुत्केरीलाई हेलिकोप्टरबाट उद्धार गर्ने प्रबन्ध प्रदेश सरकारले मिलाएको र ग्रामीण भेगमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न प्रदेश सरकारले लगानी केन्द्रित गरेको उनले बताए ।

स्थानीय तहमा रहेका न्यायिक समितिको क्षमता विकासमा

**'गण्डकी प्रदेशमा औसतमा दैनिक एकदेखि तीन जनासम्मले आत्महत्या गर्ने गरेको पाइएको छ, जसमा महिलाको संख्या ६० देखि ७० प्रतिशतसम्म छ,' मुख्यमन्त्री पाण्डेले भने ।**

पनि प्रदेश सरकार संवेदनशील रहेको उनले बताए । पोखरा महानगरपालिकाबाहेक प्रदेशका ८४ ओटै स्थानीय तहका न्यायिक समितिलाई न्याय निरूपणमा सहज होस् भनेर प्रदेश सरकारले कानुनी सहजकर्ता पठाउन शुरू गरेको मुख्यमन्त्री पाण्डेले बताए ।

'६५ ओटा स्थानीय तहमा कानूनी सहजकर्ता नियुक्त भइसक्नुभएको छ, अन्य स्थानीय तहमा नियुक्तिको प्रक्रिया अगाडि बढेको छ,' उनले भने, 'प्रदेश सरकारले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानमार्फत न्यायिक समितिका प्रमुख र पदाधिकारीलाई क्षमता विकास तालीम पनि दिँदै आएको छ ।' मुख्यमन्त्री पाण्डेले कानूनले दण्डित गरे पनि महिला हिंसाका घटनामा सोचे जसरी कमी नआएको बताए ।

'पहिले पनि समाजमा महिलामाथि हिंसा र विभेदका घटना हुने गरेका छन्, कतिपय घटना त बाहिर सार्वजनिक समेत हुँदैनन्,' उनले भने, 'महिला अधिकारको रक्षा र लैंगिक हिंसा अन्त्यका लागि सबै पक्ष एकजुट भएर लाग्नुपर्छ ।' *रासस*

# ट्र्याक खुलेको १४ वर्षपछि पिपलबोट-पोक सडक स्तरोन्नति

म्याग्दी । ट्र्याक खुलेको १४ वर्षपछि म्याग्दीको मंगला गाउँपालिका-५ को पिपलबोट-पाखु सडक स्तरोन्नति गर्न थालिएको छ । मंगला गाउँपालिकाले पोक-पिपलबोट-पाखु-घारा-सिरकुम-टिकावाङ सडक अन्तर्गत यस वर्ष पिपलबोट-पोक खण्डमा स्तरोन्नति गर्न आयोजना सञ्चालन गरेको हो ।

**मंगला गाउँपालिकाले पोक-पिपलबोट-पाखु-घारा-सिरकुम-टिकावाङ सडक अन्तर्गत यस वर्ष पिपलबोट-पोक खण्डमा स्तरोन्नति गर्न आयोजना सञ्चालन गरेको हो ।**

मंगला-५ को वडा कार्यालय रहेको पोक जोड्ने सडक विसं २०६८ मा मार्ग खुलेको थियो । गाउँपालिकाले चालू आर्थिक वर्षमा तीन करोड २७ लाख बजेट विनियोजन गरेको यो सडक स्तरोन्नतिका लागि दुई करोड १७ लाखमा निर्माण कम्पनीले ठेक्का लिएको छ ।

ठेक्कामार्फत पिपलबोट र पाखु खण्डमा सडक फराकिलो पार्ने, घुम्ती तथा ग्रेड सुधार, नाली, पर्खाल निर्माण र ढलान गर्न लागिएको मंगला-५ का वडाध्यक्ष भूपेन्द्र खत्रीले बताए ।

उनका अनुसार ९ सय ४५ घनमिटर पलम (पक्की) पर्खाल, एक हजार पाच सय ९६ घनमिटर ग्याबियन पर्खाल, दुई सय मिटर नाली र दुई सय २० मिटर सडक ढलान गर्ने काम ७० प्रतिशत सकिएको छ । आगामी असार महीनाभित्र योजना सम्पन्न गर्ने लक्ष्य छ । *रासस*

# स्वास्थ्य बीमा कार्यक्रमको सुधारमा सघाउन मन्त्रालयलाई बोर्डको पत्र

काठमाडौं । स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी बनाउन अनावश्यक खर्च कटौती तथा आम्दानी बढाउने गरी विभिन्न निर्णय गरेको छ । अनावश्यक परीक्षण गरेर बीमामा दाबी बढ्दा भुक्तानीमा समस्या देखिएको भन्दै त्यस्तो नगर्न र प्रोटोकलअनुसार उपचारको व्यवस्था मिलाउन सहयोगका लागि बोर्डले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पचात्रार गरेको छ ।

बोर्डको अनुरोधपछि स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले स्वास्थ्य उपचारको मापदण्ड पूर्ण कार्यान्वयन गर्न र सुविधाको दोहोरोपना हटाउन सुझाव कार्यदल गठन गरिसकेका छन् । बोर्डले नयाँ आम्दानीका स्रोतस्वरूप नेपालमा औषधि बिक्रीवितरण गर्ने सबै कम्पनीको खर्चको निश्चित प्रतिशत स्वास्थ्य बीमा कोषमा खर्च गर्न सकिने प्रस्ताव गरेको छ । यसका लागि पनि स्वास्थ्य मन्त्रालयलाई सहयोगका लागि बोर्डले पत्राचार गरेको कार्यकारी निर्देशक डा. रघुराज काफ्लेले जानकारी दिए ।

यसैगरी बोर्डले आम्दानी बढाउने उपायस्वरूप 'स्वास्थ्य बीमा चिठ्ठा' कार्यक्रम सञ्चालनका लागि सरकारसँग अनुमति मागेको छ । स्वास्थ्यमन्त्री पौडेलले यसअघि सबै संघीय अस्पताल विकास समितिको आम्दानीको एक प्रतिशत सोझै बीमा कोषमा जम्मा गर्ने निर्णयसमेत गरिसकेका छन् । *रासस*

# पोषणका लागि रैथाने बालीको प्रयोग बढाउन मुख्यमन्त्री आचार्यको आग्रह

लुम्बिनी । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशमा कुपोषणको समस्या अन्त्यका लागि सबै क्षेत्रबीच सहकार्य जरुरी रहेको बताएका छन् । उनले कुपोषणसँगै मातृ मृत्युदर, बाल मृत्युदर र बालविवाहजस्ता समस्या बढ्नु चिन्ताको विषय भएको र सुधारका लागि सरकार प्रतिबद्ध रहेको उल्लेख गरे ।

'समतामूलक, उत्थानशील तथा दिगो खाद्य प्रणाली उन्मुख नेपाल : स्वच्छ र पोषणयुक्त खाद्यमा सबैको पहुँच' नाराका साथ सोमवार प्रदेश राजधानी देउखुरीमा आयोजित खाद्य प्रणाली संवाद कार्यक्रममा मुख्यमन्त्री आचार्यले प्रदेशमा नसर्ने रोगको अवस्था बढ्दो रहेको र यसले चिन्ता थपेको बताए । विषादी प्रयोग नगरी खाद्यान्न तथा तरकारी उत्पादनलाई प्राथमिकता दिनुपर्नेमा उनको जोड थियो ।

पोषणयुक्त खानपान र स्वस्थ जीवनशैलीका लागि रैथाने खाद्यान्न बालीमा पोषणको मात्रा अधिक रहेको भन्दै उनले रैथाने बालीको संरक्षण, संवर्द्धन र प्रयोगमा आधारित नीति लिइने बताए । 'रैथाने बालीको संरक्षण, उत्पादन र प्रयोग गर्न सरकारले नीति निर्माण गर्नेछ,' मुख्यमन्त्री आचार्यले भने, 'पोषण प्रवर्द्धन प्रदेशको एक्लो प्रयासले सम्भव हुँदैन । यसमा तीनै तहका सरकार, सामाजिक संघसंस्था र समुदायको सहभागिता आवश्यक छ ।' विशेष योजना बनाएर जनताको घरदैलोमा पुग्न जरुरी रहेको भन्दै उनले विद्यालय तहमा यसलाई अभियानका रूपमा लैजानुपर्ने उल्लेख गरे ।

मकै, गहुँ, जौ, फापर, कोदोजस्ता रैथाने बाली कम उत्पादन हुन थालेको भन्दै उनले संरक्षण, प्रवर्द्धन र प्रयोगमा आधारित नीति आवश्यक भएको बताए । पूर्वस्वास्थ्यमन्त्री तथा प्रदेशसभा सदस्य विष्णुप्रसाद पन्थीले विषाक्त खाद्यले मानव स्वास्थ्यमा समस्या उत्पन्न गराएको उल्लेख गर्दै पोषणयुक्त खानाको मात्रा सुनिश्चित गर्नुपर्ने बताए । लुम्बिनी कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका उपसचिव घनश्याम चौधरीले प्रदेश खाद्यान्न, माछा, मासु र दूधमा आत्मनिर्भर भए पनि अन्य क्षेत्रमा थप सुधार आवश्यक रहेको उल्लेख गरे ।

**लुम्बिनी कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका उपसचिव घनश्याम चौधरीले प्रदेश खाद्यान्न, माछा, मासु र दूधमा आत्मनिर्भर भए पनि अन्य क्षेत्रमा थप सुधार आवश्यक रहेको उल्लेख गरे ।**

उनका अनुसार लुम्बिनीमा पुड्कोपनाको अवस्था २५ प्रतिशत, ख्याउटेपना १६ प्रतिशत, कमतौल २३ प्रतिशत तथा पाँच वर्षमुनिका बालबालिकामा रक्तअल्पता ४९ प्रतिशत रहेको छ । प्रजनन उमेर (१५-४९ वर्ष) समूहका महिलामा पनि ४४ प्रतिशतमा रक्तअल्पता देखिएको छ । कार्यक्रममा राष्ट्रिय योजना आयोगका शाखा अधिकृत चन्द्रप्रकाश बस्नेतले नेपाल विश्व खाद्य जोखिम सूचकांकमा १२औं स्थानमा रहेको बताए । *रासस*

**Rajbiraj Municipality**
**Office Of Municipal Executive**
**Rajbiraj, Saptari**
**Madhesh Province, Nepal**

**Letter Of Intent (LOI)**

**Date of publication :2082.01.11 (24th Apr 2025)**

Pursuant to Clauses 27, Sub Clause 2 of Public Procurement Act, 2063 (including Amendment), this is notified to all concerned bidders who submitted their bid for the contract mentioned below the following listed lowest evaluated substantially responsive bidder has been selected to award the contract.

| S.N. | Contract ID | Project Name | Substantially Responsive Lowest Evaluated Bidder | Bid Price NRs. (Including VAT & PS) |
|---|---|---|---|---|
| 1. | RMUN/WORKS/NCB/2081/82-3 | Construction of a ghat for Chhath and Pond Beautification work next to Pabi School at Rajbiraj Ward No. 5 | M/S HANS CONSTRUCTION, Batnaha-2 Saptari | 6120509.64 |

**Chief Administrative Officer**



काठमाडौंको बागबजारमा घर निर्माणमा खटिएका कामदारहरू ।

*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

# विश्वका कुल हिउँचितुवामध्ये १० प्रतिशत नेपालमा



काठमाडौं । विश्वकै दुर्लभ अवस्थामा मानिएको हिउँचितुवाको नयाँ तथ्यांक सार्वजनिक गरिएको छ । विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपालका अनुसार नेपालमा हिउँचितुवाको संख्या तीन सय ९७ भएको पाइएको छ । क्षेत्रफलका हिसाबले दुई प्रतिशत बासस्थान रहेको नेपालमा १० प्रतिशत हिउँचितुवा भेटिएका आइयूसिएनको भनाइ छ । नेपालका उच्च हिमाली क्षेत्रको ३० हजार पाँच सय वर्ग किमी क्षेत्रफलमा यसको बासस्थान छ ।

अमेरिकामा रहेको 'स्नो लियोपार्ड ट्रष्ट' का अनुसार हाल विश्वको २० लाख किलोमिटर क्षेत्रमा तीन हजार २० देखि पाँच हजार तीन सय ९० को संख्यामा हिउँचितुवा रहेको अनुमान छ । हिउँचितुवा बढीजसो नेपाल, चीन, अफगानिस्तान, भुटान, चीन, काजकिस्तान, किर्गीस्तान, भारत, मंगोलिया, रसिया, पाकिस्तान, ताजकिस्तान, उज्वेकिस्तानलगायत १२ मुलुकमा पाइन्छन् ।

पछिल्लो समयमा नेपालसँगै भारत, मंगोलिया र भुटानले प्रविधि, अनुसन्धान र तथ्यांक विश्लेषण गरी हिउँचितुवाको नयाँ र आधिकारिक तथ्यांक सार्वजनिक गर्दै आएका छन् ।

तथ्यांकअनुसार चीनमा दुई हजारदेखि दुई हजार पाँच सय, मंगोलियामा नौ सय ५३, भारतमा सात सय १८, नेपालमा तीन सय ९७ र भुटानमा एक सय ३४ हिउँचितुवा रहेको विश्व वन्यजन्तु कोष, नेपालका पर्वतीय कार्यक्रम प्रबन्धक सरिन श्रेष्ठले जानकारी दिए । वन तथा वातावरण मन्त्रालयअन्तर्गत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र वन तथा भू-संरक्षण विभागको नेतृत्वमा कोषलगायत संघसंस्थाको सहयोगमा विभिन्न तथ्यांक र अनुसन्धानको विश्लेषण र मूल्यांकन गरी सो तथ्यांक निकालिएको उनले बताए ।

यस मूल्यांकनमा २०१५ देखि २०२४ सम्म सरकार, संरक्षण संस्थाहरू र अनुसन्धानकर्ताद्वारा नेतृत्व गरिएका विभिन्न अध्ययनबाट तथ्यांक निकालिएको हिउँचितुवा विज्ञ शशांक पौडेलले जानकारी दिए । यो तथ्यांक क्यामेरा ट्र्याप र दिशाको नमूनाहरूको आनुवंशिक विश्लेषणलगायत अत्याधुनिक प्रविधि प्रयोग गरी विभिन्न सात अध्ययन क्षेत्रहरूबाट हिउँचितुवाको वितरण र जनसंख्या घनत्वको तथ्यांक प्रयोग गरिएको उनले बताए । *रासस*

# 'जनताको अपेक्षाअनुसार विकास गर्न सकेनौं, सांसद विकास कोष चाहिन्छ'

काठमाडौं । यथास्थितिवादी र पुरानै शैलीको 'कर्मकाण्डी' बजेटले जनताको अपेक्षाअनुसार आर्थिक समृद्धि तथा विकास हासिल गर्न नसक्ने भएकाले सन्तुलित, समानुपातिक र कार्यान्वयन योग्य बजेट ल्याइनुपर्ने धारणा सांसदहरूले राखेका छन् ।

प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिको बुधवारको बैठकमा सांसदहरूले सुधारमुखी र नतीजामुखी बजेटको अपेक्षा राखेको टिप्पणी गरेका हुन् । त्यस्तै, आफूहरू मतदाताको विकास आकांक्षासँग प्रत्यक्ष रूपमा जोडिन नपाएको गुनासो गर्दै उनीहरूले सांसद विकास कोषमार्फत् सांसदहरूलाई विकास आयोजना छनोटको अधिकार दिइनुपर्ने मागसमेत राखे ।

बुधवारको बैठकमा अधिकांश सांसदहरूले आफ्नो निर्वाचन क्षेत्रका लागि विकास आयोजना छनोट गर्न पाउनुपर्ने र प्रत्यक्ष, समानुपातिक तथा राष्ट्रियसभाका सबै सांसदहरूलाई विभेद नगरीकन बजेट परिचालनको अधिकार दिइनुपर्ने धारणा राखेका छन् ।

अर्थ समितिका सांसदहरूको साझा र स्पष्ट धारणा देखिएको छ, 'आफ्नो निर्वाचन क्षेत्रका विकास आयोजना छनोटको अधिकार सांसदहरूलाई दिइनुपर्छ र सङ्घीय बजेटले सबै सांसदलाई समान रूपमा समेट्नुपर्छ । यसमा प्रत्यक्ष, समानुपातिक र राष्ट्रियसभा सदस्यहरूबीच विभेद हुन हुँदैन ।'

सांसदहरूले संसद विकास कोष पुनःस्थापनाको मागसमेत गरेका छन् । क्षेत्रीय सन्तुलन र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि कुनै न कुनै ढङ्गले सांसदहरू योजना छनोट र बजेट कार्यान्वयनमा जोडिन आवश्यक रहेको उनीहरूको भनाइ छ । तर विगतमा सांसद विकास कोषले योजना छनोट र कार्यान्वयनको क्रममा पारदर्शिता गुमाउने, शक्ति दुरूपयोग हुने सम्भावना रहेको भन्दै उक्त कार्यक्रम खारेज गरिएको थियो ।

पूर्व बजेट छलफलका क्रममा पूर्वअर्थमन्त्री डा. प्रकाशशरण महतले बजेट निर्माणमा स्रोतको अत्यधिक चाप रहेको बताए । 'विदेशी सहायता निरन्तर घट्दो क्रममा छ, आन्तरिक ऋण उठाउने सीमा कुल गार्हस्थ्य उत्पादनको पाँच प्रतिशत भन्दा बढी छैन । राजस्व वृद्धि नहुँदा बजेटको स्रोत अभाव हुने र स्रोत नहुँदा कार्यान्वयनमा समस्या हुने स्थिति छ,' उनले भने ।

प्रतिफल नदिने आयोजनालाई कटौती गर्नुपर्ने, बहुवर्षीय योजनाको संख्या घटाउनुपर्ने र उत्पादन, रोजगारी तथा पर्यटन प्रवर्द्धनमा केन्द्रित बजेट ल्याइनुपर्ने उनको धारणा थियो । त्यस्तै रू. तीन करोडभन्दा कम लागतका आयोजनाका लागि संघीय सरकारले बजेट नदिनुपर्ने सुझाव डा महतको छ ।



प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिको बुधवारको बैठकमा सांसदहरूले सुधारमुखी र नतीजामुखी बजेटको अपेक्षा राखेको टिप्पणी गरेका हुन् ।

साथै, अनुदान विनियोजनमा अनिवार्य शर्त राख्ने, ठेक्काबिनाको खर्चमा रोक लगाउने र समयमै ठेक्का प्रक्रिया सम्पन्न गर्नुपर्ने कुरामा पनि उनको जोड रह्यो ।

अर्का पूर्वअर्थमन्त्री वर्षमान पुनले कोभिडपछिको सुस्त अर्थतन्त्र विस्तारै सामान्य लयमा फर्कंदै गरेको बताए । हालको पाँच प्रतिशत हाराहारीको आर्थिक वृद्धि स्वीकार्य भए पनि जनअपेक्षाअनुसारको विकास अझै सम्भव नभएको उनले उल्लेख गरे । पूर्वअर्थमन्त्री पुनले उदार र बजार अर्थतन्त्र मात्र पर्याप्त नरहेको औंल्याउँदै निजीक्षेत्रले विकासको नेतृत्व गर्ने र राज्यले त्यसमा सहजीकरण गर्ने अवधारणामा जानुपर्ने बताए । कृषि, जलस्रोत, उद्योग, पर्यटन, सूचना प्रविधि जस्ता क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट ल्याउनुपर्ने उनको धारणा थियो ।

पूर्वमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले अर्थतन्त्रमा 'सधैंको समस्या'को पुनरावृत्ति भइरहेको टिप्पणी गरे । न्यून राजस्व सङ्कलन, बढ्दो बेरोजगारी र पूँजीगत खर्चको न्यून दर अर्थतन्त्रका प्रमुख चुनौती रहेको उनको भनाइ थियो । कार्कीले जनताको विश्वास जित्ने, उत्पादनमुखी र रोजगारी सृजना गर्न सक्ने बजेट ल्याउनु जरूरी रहेको बताए । त्यस्तै अहिले नेपाल सम्पत्ति शुद्धीकरण मामिलामा वित्तीय कारबाही कार्यदल (एफएटिएफ) को 'ग्रे लिस्ट' मा रहेको उल्लेख गर्दै उनले यसबाट देशलाई बाहिर निकाल्ने लक्ष्यका साथ बजेट केन्द्रित हुनुपर्ने बताए ।

अर्थ समिति सदस्यहरू सांसद सूर्यबहादुर थापा क्षेत्री, विराजभक्त श्रेष्ठ, नारायणप्रसाद आचार्य, गंगा कार्की, छिरिङ डम्डुल लामा (भोटे), अम्मरबहादुर रायमाझी, विनोद चौधरी, अञ्जली श्रेष्ठलगायतले बजेट सन्दर्भमा विविध दृष्टिकोण राखे ।

सांसद सूर्यबहादुर थापा क्षेत्रीले शक्ति र पहुँचका आधारमा बजेट नहुनुपर्ने भन्दै आवश्यकतामा आधारित योजना छनौटको माग गरे ।

अर्का सांसद विराजभक्त श्रेष्ठले पूँजीगत खर्च बढाइनुपर्ने, प्रतिफलका आधारमा बजेट निर्माण हुनुपर्ने बताए । अर्थतन्त्रमा शीघ्र हस्तक्षेप आवश्यक रहेको उनको भनाइ छ । अहिलेको अर्थतन्त्रलाई चलायमान बनाउन राहत प्याकेज जरूरी रहेको पनि सांसद श्रेष्ठले उल्लेख गरे ।

सांसद नारायणप्रसाद आचार्यले सङ्घीयता प्रभावकारी कार्यान्वयन हुन नसकेको र तीन तहका संरचनाहरूबीच समन्वय एवम् सहकार्य हुन नसकेको बताए । उनले तीनओटै तहबीच सहकार्यमा बजेट निर्माणको व्यवस्था गरिनुपर्ने बताए ।

सांसद छिरिङ डम्डुल लामाले पुराना उद्योग सञ्चालन गर्न र मुलुकभित्रै रासायनिक मल कारखाना खोल्न बजेट विनियोजन गर्न माग गरे । उनीले पाँच सय र एक हजार दरका नोटहरू बन्द गर्नुपर्ने तर्क पनि प्रस्तुत गरे ।

सांसद विनोद चौधरीले अधुरा आयोजना सम्पन्न गर्न बजेट केन्द्रित हुनुपर्ने बताए । निर्माण व्यवसायीले सरकारबाट भुक्तानी नपाउँदा विकास ठप्प भएको मात्र नभई बैंकको खराब कर्जा बढेको पनि उनको भनाइ थियो । *रासस*

# पर्यटन वर्षले कोशी प्रदेशवासी उत्साहित

मोरङ । प्रदेशको पर्यटन विकास र प्रवर्द्धनका लागि कोशी प्रदेश सरकारले पर्यटन वर्ष, २०८२ मनाइरहेको छ । छिमेकी मुलुक भारत र तेस्रो मुलुकबाट १५ लाखभन्दा बढी पर्यटक ल्याउने लक्ष्यसहित शुरू भएको पर्यटन वर्षले प्रदेशवासीमा उत्साह थपेको छ ।

कोरोना महामारीका कारण थलिएको पर्यटन क्षेत्रलाई चलायमान बनाउन कोशी प्रदेश सरकारले पर्यटन वर्ष, २०८२ कार्यक्रम ल्याएको छ । गत चैत २७ गते गुराँसको राजधानी मानिने तेह्रथुमको तीनजुरे मिल्केमा उपप्रधानमन्त्री प्रकाशमान सिंहले पर्यटन वर्षको शुभारम्भ गरेका थिए । सो अवसरमा कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले कोशी प्रदेशका सबै क्षेत्रहरू पर्यटनको हिसाबले महत्त्वपूर्ण भएको चर्चा गरे । पर्यटनका माध्यमबाट नेपालको वैदेशिक ऋण र व्यापार घाटा कम गर्न सकिने उल्लेख गर्दै उनले ऊर्जा, जलविद्युत् पर्यटन, जडीबुटीका क्षेत्रमा काम गर्ने बताएका थिए ।

पर्यटन वर्षमा विशेषगरी धार्मिक, सांस्कृतिक र पर्यावरणीय पर्यटक कोशी घुम्न आउने कोशी पर्यटन वर्षका सहसंयोजक भविष श्रेष्ठ बताउँछन् । धार्मिक, प्राकृतिक, सांस्कृतिकसँगै शिक्षा, स्वास्थ्य, खेलकुदलगायत क्षेत्रका पर्यटक पनि आउने उनको भनाइ छ । १५ लाखभन्दा पर्यटक ल्याउने र यसका लागि पर्यटक स्तरीय होटल पूर्वाधार निर्माण भइसकेको उनले उल्लेख गरे । भ्रमण वर्षको अवसरमा कोशी प्रदेश सरकारले सीमा नाकामा पर्यटकीय सवारीसाधनमा स्टिकर टाँस्न शुरू गरेको छ । मुख्यमन्त्री हिक्मतकुमार कार्कीले भारतीय सवारीसाधनमा पर्यटन वर्षको स्टिकर टाँसेर अभियानको शुरुआत गरेका छन् । *रासस*


## नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८२/०१/११)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तर ताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस**) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

### तपसिल

१

**ऋणी कम्पनीको विवरण (पर्सा शाखा, चितवन)**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगञ्ज, बाँकेमा मिति २०७५/०९/२६ मा प्रा.फ.र.नं. २९४७४/०७५/०७६, स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **चिरन्जीवी सर्जिकल्स सप्लायर्स ।**
ठेगाना: बाँके जिल्ला कोहलपुर न.पा वडा नं. ११ ।

**ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरण:**
जनक बहादुर शाहीकी छोरी भिम बहादुर शाहीकी बुहारी गजेन्द्र बहादुर शाहीकी श्रीमती अछाम जिल्ला नाडा गा.वि.स. वडा नं. ०९ स्थायी घर भई हाल बाँके जिल्ला कोहलपुर न.पा वडा नं. ११ बस्ने, ना.प्र.नं. ६९१०७२/४०४३ (जारी मिति २०६५/०२/३०, स्थान अछाम) भएकी **शान्ती कुमारी शाही ।**

**ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

बल बहादुर शाहीको नाति भिम बहादुर शाहीको छोरा अछाम जिल्ला नाडा गा.वि.स. वडा नं. ०९ स्थायी घर भई हाल बाँके जिल्ला कोहलपुर न.पा वडा नं. ११ बस्ने, ना.प्र.नं. २४७४९ (जारी मिति: २०५९/१२/१९, स्थान अछाम) भएका **गजेन्द्र बहादुर शाही ।**

**सवारी साधनको विवरण:**

ऋणी **चिरन्जीवी सर्जिकल्स सप्लायर्स** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. बागमती प्रदेश ०१ ०२६ च ५००० भएको NISSAN KICKS XV PETROL.

२

**ऋणीको नाम र ठेगानाको विवरण (कोहलपुर शाखा, बाँके)**

जनक बहादुर शाहीकी छोरी भिम बहादुर शाहीकी बुहारी गजेन्द्र बहादुर शाहीकी श्रीमती अछाम जिल्ला नाडा गा.वि.स. वडा नं. ०९ स्थायी घर भई हाल बाँके जिल्ला कोहलपुर न.पा वडा नं. ११ बस्ने, ना.प्र.नं. ६९१०७२/४०४३ (जारी मिति २०६५/०२/३०, स्थान अछाम) भएकी **शान्ती कुमारी शाही ।**

**ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

बल बहादुर शाहीको नाति भिम बहादुर शाहीको छोरा अछाम जिल्ला नाडा गा.वि.स. वडा नं. ०९ स्थायी घर भई हाल बाँके जिल्ला कोहलपुर न.पा वडा नं. ११ बस्ने, ना.प्र.नं. २४७४९ (जारी मिति: २०५९/१२/१९, स्थान अछाम) भएका **गजेन्द्र बहादुर शाही ।**

**चिरन्जीवी सर्जिकल्स सप्लायर्स र शान्ती कुमारी शाहीको संयुक्त धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरण:**
अछाम जिल्ला नाडा गा.वि.स. वडा नं. ०९ स्थायी घर भई हाल बाँके जिल्ला कोहलपुर न.पा वडा नं. ११ बस्ने **शान्ती कुमारी शाही**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बाँके जिल्ला कोहलपुर न.पा. वडा नं. ०३ नक्सा सिट नं. ३क मा अवस्थित कि.नं. २०० क्षेत्रफल ०-०-९.५०-० विघाको घर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

### तपसिल

३

**ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण (खजुरा शाखा, बाँके)**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा मिति २०७३/०२/०५ मा प्रा.फ.र.नं. २५४२८/०७२/०७३, स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **सुनिता फेन्सी स्टोर ।**
ठेगाना: बाँके जिल्ला सीतापुर गा.वि.स. वडा नं. ०५, बाँके ।

**ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरण:**
कर्णबिर रावलकी छोरी, पुष्करनाथ योगीकी बुहारी, लोकेन्द्रनाथ योगीकी श्रीमती बाँके जिल्ला सितापुर गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल बाँके जिल्ला खजुरा गा.पा. वडा नं २ बस्ने, ना.प्र.नं. ६६१०३८/२६७ (जारी मिति २०६५/०८/१२, स्थान बाँके) भएकी **सुनिता रावल ।**

**ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

अमरनाथ योगीको नाति, पुष्करनाथ योगीको छोरा बाँके जिल्ला सितापुर गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल बाँके जिल्ला खजुरा गा.पा. वडा नं २ बस्ने, ना.प्र.नं. १३९२७ (जारी मिति २०६०/०१/०२, स्थान बाँके) भएको **लोकेन्द्रनाथ योगी ।**

४

**ऋणीको नाम र ठेगानाको विवरण (खजुरा शाखा, बाँके)**

अमरनाथ योगीको नाति, पुष्करनाथ योगीको छोरा बाँके जिल्ला सितापुर गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल बाँके जिल्ला खजुरा गा.पा. वडा नं २ बस्ने, ना.प्र.नं. १३९२७ (जारी मिति २०६०/०१/०२, स्थान बाँके) भएको **लोकेन्द्रनाथ योगी ।**

**ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

कर्णबिर रावलकी छोरी, पुष्करनाथ योगीकी बुहारी, लोकेन्द्रनाथ योगीकी श्रीमती बाँके जिल्ला सितापुर गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल बाँके जिल्ला खजुरा गा.पा. वडा नं २ बस्ने, ना.प्र.नं. ६६१०३८/२६७ (जारी मिति २०६५/०८/१२, स्थान बाँके) भएकी **सुनिता रावल ।**

**सुनिता फेन्सी स्टोर र लोकेन्द्रनाथ योगीको संयुक्त धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरण:**
बाँके जिल्ला सितापुर गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल बाँके जिल्ला खजुरा गा.पा. वडा नं २ बस्ने, **लोकेन्द्रनाथ योगी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बाँके जिल्ला सितापुर गा.वि.स. वडा नं. ०४ नक्सा सिट नं. ०३५१३२२ मा अवस्थित कि.नं. ५७९ क्षेत्रफल २६८७.२५ व.मि. घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१


# शिक्षक आन्दोलनको स्वरूप परिवर्तन गर्न आग्रह

काठमाडौं । बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)ले विद्यार्थीको अधिकारप्रति सचेत हुँदै आन्दोलनको स्वरूप परिवर्तन गर्न शिक्षक र विद्यालय कर्मचारीलाई आग्रह गरेको छ ।

गत चैत २० दिनदेखि काठमाडौं केन्द्रित सडक आन्दोलनमा रहेको नेपाल शिक्षक महासंघको आन्दोलनका कारण सामुदायिक विद्यालयमा भर्ना अभियान, एसईईको उत्तरपुस्तिका परीक्षण र कक्षा १२ को परीक्षा प्रभावित हुँदै आएको छ ।

'तपाईंहरूका जायज मागहरू पूरा हुनुपर्छ । हामीले पनि त्यही नै भनेका छौं, तर आन्दोलनलाई निरन्तरता दिए पनि स्वरूप फेर्नुहोस्,' सिजपका महासचिव तिलोत्तम पौडेलले भने, 'शिक्षाको आधारभूत प्रवेश भर्ना अभियान, बाँकी भएकाको नतीजा प्रकाशन र कक्षा १२ को परीक्षा नरोक्न आवश्यक विकल्प खोज्नुहोस् । बालबालिकाको अधिकारप्रति थप सचेत हुनुहोस् ।'

नेपालको संविधानको धारा ३१ ले प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा प्राप्तिको सुनिश्चितता गरेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार मुलुकमा ३४ दशमलव ८४ प्रतिशत बालबालिका रहेका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओली र प्रतिनिधिसभामा सभामुख देवराज घिमिरेले नेपाल शिक्षक महासंघका पदाधिकारीसँग यही वैशाख ५ गते बेग्लाबेग्लै भेट गरी जारी शिक्षक आन्दोलन र समस्या समाधानका विकल्पका विषयमा छलफल गरेका थिए ।

विगतमा भएको सहमतिका आधारमा विद्यालय शिक्षा विधेयक, २०८१ छिटो पारित हुनुपर्नेलगायत माग राखेर महासंघले आन्दोलन गर्दै आएको छ । *रासस*

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
बिहीवार, ११ वैशाख २०८२ । Thursday, 24 April 2025
आर्थिक अभियान

# कामपाले थाल्यो सहकारीको अनुगमन

काठमाडौं । काठमाडौं महानगरपालिकाको सहकारी विभागले सहकारी संस्थाहरूको नियमित र आकस्मिक अनुगमन शुरू गरेको छ। कामपा सहकारी विभागका प्रमुख नमराज ढकालको संयोजकत्वमा गठित सहकारी अनुगमन टोलीले चैतदेखि अनुगमन थालेको हो । प्रमुख ढकालका अनुसार अहिलेसम्म १० ओटा सहकारी संस्थाको अनुगमन गरिसकेको छ । यसपटक ४० ओटा संस्थाको अनुगमन गर्ने लक्ष्य छ। अनुगमनका लागि ५६ ओटा सूचक निर्धारण गरिएका छन्। तिनै सूचकका आधारमा अनुगमन गरिनेछ। अनुगमनमा जनप्रतिनिधि, कर्मचारी, वित्तीय विश्लेषक र अभियानकर्तासहितको टोली छ । सहकारीहरूलाई तीन भागमा वर्गीकरण गरेर अनुगमन योजना बनाइएको टोलीका संयोजक ढकालले जानकारी दिए। उनका अनुसार गुनासो आएका, असल अभ्यास भएका र रू. २५ करोडभन्दा धेरै लगानी भएका सहकारी प्राथमिकतामा छन् । कामपाको सहकारी ऐन २०७४ को दफा ७९ र दफा १९६, नेपाल सरकार, भूमि व्यवस्था सहकारी तथा गरीबी निवारण मन्त्रालयबाट जारी बचत ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७ को दफा ३० को उपदफा (२) बमोजिम समिति गठन गरिएको हो । *रासस*

## तथ्यांकोवाच

# सन् २०२३ मा नेपालमा १० करोड अमेरिकी डलरको मकै आयात

काठमाडौं (अस) । नेपालमा दोहोरो अंकको अर्ब रुपैयाँमा आयात हुने वस्तुमा मकै पनि पर्दछ। यस सन्दर्भमा नेपालले कुन देशबाट मकै आयात गर्दा निर्यात प्रवर्द्धनमा पनि योगदान पुग्छ भन्ने रणनीतिक सोचलाई दृष्टिगत गरी यहाँ विश्वको मकै आयात-निर्यात गर्ने देशको आयात-निर्यात तथ्यांक प्रस्तुत गरिएको छ । नेपालले पनि यही अनुरूप आफ्नो मकै आयातको रणनीतिलाई निर्यात प्रवर्द्धन मिशनसँग एकाकार गरी अघि बढ्नु उपयुक्त देखिन्छ ।

### विश्वमा मकै व्यापारको सन्तुलन

| देशहरू | निर्यात (हजार अमेरिकी डलर) | आयात (हजार अमेरिकी डलर) | सन्तुलन |
|---|---|---|---|
| संयुक्त राज्य अमेरिका | १३,६८३,२२७ | ४३३,०५४ | १३,२५०,१७३ |
| ब्राजिल | १३,६१३,०१७ | २७६,३२० | १३,३३६,६९७ |
| अर्जेन्टिना | ५,६७५,६०३ | ८१,२८४ | ५,५९४,३१९ |
| युक्रेन | ४,९६६,२६३ | ५४,३७७ | ४,९११,८८६ |
| फ्रान्स | २,०१२,४३१ | ४०८,२८९ | १,६०४,१४२ |
| रोमानिया | १,६७९,०९३ | ३८८,५२९ | १,२९०,५६४ |
| पोल्याण्ड | १,२९१,५१६ | ३३५,६८६ | ९५५,८३० |
| दक्षिण अफ्रिका | १,२०८,३५१ | २२,१४३ | १,१८६,२०८ |
| रूसी संघ | १,२००,८९९ | १२८,५३८ | १,०७२,३६१ |
| टर्की | ७९५,३२३ | ६००,६६८ | १९४,६५५ |
| क्यानाडा | ७६६,५३८ | ८९५,२५० | -१२८,७१२ |
| पराग्वे | ७५०,६९९ | ११७,५१५ | ६३३,१८४ |
| हंगेरी | ७०४,२४२ | ४३२,५१४ | २७१,७२८ |
| भारत | ७०३,०५० | ८,०४१ | ६९५,००९ |
| म्यानमार | ४५३,०२६ | ३८,८५८ | ४१४,१६८ |
| बुल्गेरिया | ३८१,९२७ | ८३,४४७ | २९८,४८० |
| पाकिस्तान | ३४७,९७१ | ७२,३३५ | २७५,६३६ |
| अस्ट्रिया | ३४७,३३८ | ३०६,७८५ | ४०,५५३ |
| सर्बिया | २७५,५२४ | ६८,७७० | २०६,७५४ |
| क्रोएसिया | २५०,०९७ | ८९,६५० | १६०,४४७ |
| जर्मनी | २२०,७१८ | १,०७२,०५२ | -८५१,३३४ |
| स्लोभाकिया | १८५,२५३ | १३२,०२५ | ५३,२२८ |
| मोल्डोभा, गणतन्त्र | १४४,०८९ | ३०,०८४ | ११४,००५ |
| स्पेन | १३९,९३१ | २,६६७,६४१ | -२,५२७,७१० |
| युगान्डा | १३५,९७८ | ९,७८८ | १२६,१९० |
| नेदरल्याण्ड्स | ११६,८१४ | १,५७०,८८६ | -१,४५४,०७२ |
| भियतनाम | १०६,३९४ | २,८६६,९९४ | -२,७६०,६०० |
| थाइल्याण्ड | १०५,९३४ | ४५९,१८९ | -३५३,२५५ |
| इटाली | १०१,८७६ | १,९९३,९०० | -१,८९२,०२४ |
| लाओ जनवादी गणतन्त्र | ८३,३२६ | ६,३८७ | ७६,९३९ |
| चेक गणतन्त्र | ८३,१५२ | ११७,३११ | -३४,१५९ |
| चिली | ७९,५२२ | ६७९,१०४ | -५९९,५८२ |
| पोर्चुगल | ७५,८३९ | ६२३,४७३ | -५४७,६३४ |
| मेक्सिको | ७३,८३६ | ५,५६९,३१८ | -५,४९५,४८२ |
| जाम्बिया | ५९,८७६ | ६,९६३ | ५२,९१३ |
| लाटभिया | ५४,०१८ | ७९,७४० | -२५,७२२ |
| संयुक्त अधिराज्य | ४७,७११ | ७१४,७१३ | -६६७,००२ |
| स्लोभेनिया | ४७,१२४ | ७०,५४६ | -२३,४२२ |
| लिथुआनिया | ४२,६०६ | ५८,८९२ | -१६,२८६ |
| अष्ट्रेलिया | ४०,७३२ | ३,२७९ | ३७,४५३ |
| तान्जानिया | ३८,२१६ | ३६,०४७ | २,१६९ |
| आयरल्याण्ड | ३७,१३९ | ३६१,१५३ | -३२४,०१४ |
| संयुक्त अरब इमिरेट्स | ३६,२८५ | २००,२११ | -१६३,९२६ |
| बेल्जियम | ३०,७९० | ५२७,९५७ | -४९७,१६७ |
| इन्डोनेसिया | २९,२५४ | ३६७,६९० | -३३८,४३६ |
| कम्बोडिया | २८,५६४ | ६४,००० | -३५,४३६ |
| पेरु | २७,४४१ | १,०३०,१७८ | -१,००२,७३७ |
| काजाकिस्तान | २२,००७ | २२,३९६ | -३८९ |
| कोट म'क्षखयष्चभ | १०,६७१ | ७,५२९ | ३,१४२ |
| ग्वाटेमाला | १०,६२० | ५२३,५४४ | -५१२,९२४ |
| ग्रीस | ९,८४४ | १६६,७९९ | -१५६,९५५ |
| लेबनान | ८,८८० | १३७,५१७ | -१२८,६३७ |
| इस्टोनिया | ८,७५९ | १९,१३० | -१०,३७१ |
| चीन | ७,८८० | ९,०१९,७३४ | -९,०११,८५४ |
| जिबूती | ६,९४३ | ७,४७९ | -५३६ |
| लक्जमबर्ग | ६,६५७ | ७,३१० | -६५३ |
| फिलिपिन्स | ५,१९९ | २९६,१०८ | -२९०,९०९ |
| केन्या | ५,१४६ | १६४,८८४ | -१५९,७३८ |
| होन्डुरस | ४,८९८ | २७४,८४६ | -२६९,९४८ |
| मलावी | ४,५८४ | १४,६९३ | -१०,१०९ |
| डेनमार्क | ४,२४२ | ७१,९५६ | -६७,७१४ |
| म्यासेडोनिया, उत्तर | ३,८७३ | ११,७३३ | -७,८६० |
| सिरिया | ३,८४१ | ३२,४४३ | -२८,६०२ |
| बोलिभिया | ३,६२१ | २,४०० | १,२२१ |
| जिम्बाब्वे | ३,५४० | १५२,०२९ | -१४८,४८९ |
| डोमिनिकन रिपब्लिक | २,९९५ | ४०३,८३० | -४००,८३५ |
| किर्गिजस्तान | २,८८६ | ७,३०७ | -४,४२१ |
| न्युजिल्याण्ड | २,६५६ | ३,२५४ | -५९८ |
| इजिप्ट | २,५८३ | २,४५५,९७७ | -२,४५३,३९४ |
| कोलम्बिया | २,५२० | १,८६४,८४८ | -१,८६२,३२८ |
| मलेसिया | २,१९२ | १,१०५,८५० | -१,१०३,६५८ |

| देशहरू | निर्यात (हजार अमेरिकी डलर) | आयात (हजार अमेरिकी डलर) | सन्तुलन |
|---|---|---|---|
| यमन | २,०७४ | १८४,३२६ | -१८२,२५२ |
| बोस्निया र हर्जगोभिना | १,८५० | ५७,९२१ | -५६,०७१ |
| साउदी अरेबिया | १,६४२ | ९८६,०४४ | -९८४,४०२ |
| स्विट्जरल्याण्ड | १,६०३ | ७०,६४९ | -६९,०४६ |
| निकारागुआ | १,५३८ | १४४,६१२ | -१४३,०७४ |
| जर्जिया | १,३१७ | १८,७५४ | -१७,४३७ |
| मोजाम्बिक | १,०६७ | ५५,०९० | -५४,०२३ |
| घाना | ९८८ | १३,४०६ | -१२,४१८ |
| स्वीडेन | ९५५ | १९,३६० | -१८,४०५ |
| बेलिज | ८३२ | २,८१० | -१,९७८ |
| रुवाण्डा | ६७१ | ६९,०४५ | -६८,३७४ |
| माली | ५८३ | १,५३१ | -९४८ |
| जमैका | ५५२ | १०१,१४१ | -१००,५८९ |
| अफगानिस्तान | ५५२ | ४,०१५ | -३,४६३ |
| बेनिन | ४५२ | १,९२९ | -१,४७७ |
| सुडान | ४३२ | ९९३ | -५६१ |
| दक्षिण सुडान | ४१५ | ३,२०२ | -२,७८७ |
| ट्रिनिडाड र टोबागो | ३९९ | २५,४७० | -२५,०७१ |
| एल साल्भाडोर | ३५६ | २५४,२१६ | -२५३,८६० |
| अल्जेरिया | ३५३ | १,०७५,०४६ | -१,०७४,६९३ |
| सेनेगल | ३३५ | १३६,१०५ | -१३५,७७० |
| बुर्किना फासो | ३३३ | २३० | १०३ |
| माइक्रोनेसिया | ३१६ | - | ३१६ |
| बोत्सवाना | २२१ | ६२,४५१ | -६२,२३० |
| इक्वेडर | १८४ | ११४,३८४ | -११४,२०० |
| ताइपेई, चिनियाँ | १७५ | १,२७३,२०५ | -१,२७३,०३० |
| मोन्टेनेग्रो | १५६ | ८,०१२ | -७,८५६ |
| कोस्टा रिका | १४३ | ३२१,५३४ | -३२१,३९१ |
| कोरिया, गणतन्त्र | १२१ | ३,५४०,८९२ | -३,५४०,७७१ |
| अंगोला | ११२ | १९,८९३ | -१९,७८१ |
| टोगो | १०९ | १,०४३ | -९३४ |
| जोर्डन | ९४ | २००,६१० | -२००,५१६ |
| सिङ्गापुर | ९४ | ३,७९६ | -३,७०२ |
| नामिबिया | ८८ | ४६,१३३ | -४६,०४५ |
| कुराकाओ | ७५ | २६५ | -१९० |
| बहराइन | ७० | ७,०१७ | -६,९४७ |
| क्यामरुन | ६० | ६,८८४ | -६,८२४ |
| फिजी | ५९ | २५३ | -१९४ |
| जापान | ५० | ४,९१६,८२० | -४,९१६,७७० |
| ओमान | ५० | ११०,१४५ | -११०,०९५ |
| इस्वातिनी | ४९ | ४२,९१३ | -४२,८६४ |
| बंगलादेश | ४८ | २२३,४३४ | -२२३,३८६ |
| श्रीलंका | ३९ | ५८,२७९ | -५८,२४० |
| नाइजर | ३५ | २,०७६ | -२,०४१ |
| नर्वे | २७ | २५,१५० | -२५,१२३ |
| लेसोथो | २४ | २२,५९३ | -२२,५६९ |
| पनामा | १५ | १६०,००५ | -१५९,९९० |
| मुक्त क्षेत्रहरू | १५ | २० | -५ |
| अल्बानिया | ९ | १३,५५८ | -१३,५४९ |
| बार्बाडोस | ९ | १०,८५९ | -१०,८५० |
| अजरबैजान | ७ | २०,८२५ | -२०,८१८ |
| फिनल्याण्ड | ७ | ७,४३५ | -७,४२८ |
| साइप्रस | ६ | ८७,२३१ | -८७,२२५ |
| मौरिसस | ५ | ४५,६५४ | -४५,६४९ |
| गिनी | ५ | १,२९० | -१,२८५ |
| मेडागास्कर | ५ | ६५८ | -६५३ |
| हाइटी | ५ | ५१३ | -५०८ |
| गुयाना | ४ | २३,९०३ | -२३,८९९ |
| बुरुन्डी | ३ | १०,६६३ | -१०,६६० |
| भेनेजुएला | १ | ३०३,९९६ | -३०३,९९५ |
| भुटान | १ | १०,९७७ | -१०,९७६ |
| ब्रुनाई दारुसलाम | १ | ५,५५९ | -५,५५८ |
| हङकङ, चीन | १ | ४,५३० | -४,५२९ |
| इरान | - | ३,६४६,१८२ | -३,६४६,१८२ |
| मोरक्को | - | ७३९,२७४ | -७३९,२७४ |
| इजरायल | - | ३२०,६६४ | -३२०,६६४ |
| इराक | - | २७९,०७० | -२७९,०७० |
| ट्युनिसिया | - | २७४,३६७ | -२७४,३६७ |
| उरुग्वे | - | २०३,३३१ | -२०३,३३१ |
| नेपाल | - | १०५,८३४ | -१०५,८३४ |

*स्रोत : आइटिसी ट्रेडम्याप*

## बारा-पर्सा औद्योगिक कोरिडोर

# विद्युत् कटौतीले अस्तव्यस्त उत्पादन

**अभियान संवाददाता**
वीरगञ्ज



अत्यधिक विद्युत् कटौतीका कारण बारा-पर्सा औद्योगिक कोरिडोरका उद्योगहरूको उत्पादन अस्तव्यस्त भएको उद्योगीहरूले बताएका छन्। कोरिडोरमा प्राधिकरणको ६६ केभी प्रसारण लाइनबाट आपूर्ति लिएका उद्योगमै विद्युत् कटौतीको बढी समस्या छ। कोरिडोरमा अघोषित लोडसेडिङले उत्पादनको मुख्य सिजनमै हात बाँधेर बस्नुपर्ने अवस्था आएको वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले बताए ।

कोरिडोरका फलाम उद्योग र ठूला उत्पादकले ६६ केभी प्रसारण लाइनबाट आपूर्ति लिएका छन् । निर्माण सामग्रीको बिक्री हुने मुख्य सिजनमै विद्युत् नहुँदा उत्पादन गर्न नसकिएको एक उद्योगीले बताए । बारा-पर्सालाई निर्माण सामग्री उत्पादनको हब भनिए पनि विद्युत् अभावले उत्पादन समस्याग्रस्त भएको गुनासो उनको छ । परवानीपुर-रक्सौल प्रसारण लाइनबाट १५० मेगावाट विद्युत् आयात भइरहेको र यसबाट उद्योगमा आपूर्ति दिइएको प्राधिकरणको वीरगञ्ज वितरण केन्द्रका प्रमुख अवधेश दुवेले बताए । ६६ केभीबाट आपूर्ति लिएका औद्योगिक ग्राहकलाई बढी समस्या भएको प्राधिकरणका अधिकारीहरूको भनाइ छ।

भारतबाट विद्युत् आयात कटौती भएदेखि नै कोरिडोरका उद्योगमा अघोषित लोडसेडिङ शुरू भएको थियो। अहिले साँझ ५ बजेदेखि ११ बजेसम्म लाइन काट्ने गरिएको प्राधिकरणले बताएको छ । भारतले यो समयमा विद्युत् आपूर्ति नगरेकाले

**कोरिडोरमा अघोषित लोडसेडिङले उत्पादनको मुख्य सिजनमै हात बाँधेर बस्नुपर्ने अवस्था आएको वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले बताए ।**

उद्योगमा लाइन काटेर घरायसी ग्राहकलाई आपूर्ति दिने गरिएको छ ।

विद्युत् कटौती बढेपछि सिमेन्ट, डण्डी, पाइप, पेन्ट्सजस्ता उद्योग बढी विद्युत् खपत गर्ने उद्योग बढी प्रभावित भएका हुन् । बजारमा माग सृजना हुने समयमै विद्युत् कटौतीले उत्पादन गर्न नपाएपछि उद्योगी चिन्तित भएको वीरगञ्ज उद्योग वाणिज्य संघका उपाध्यक्ष माधव राजपालले बताए ।

६६ केभी प्रसारण लाइनबाट आपूर्ति लिएका उद्योगमा अहिले १२ घण्टा पनि लाइन नरहेको एक उद्योगीले बताए । ती उद्योगीका अनुसार लाइन दिइएको भनिएको समयमा पनि पटकपक लाइन कट्ने समस्याबाट उद्योगी हैरान भएको नेपाल उद्योग वाणिज्य महासंघ, मधेश प्रदेशका उद्योग समितिका अध्यक्ष दीपेश अग्रवालले बताए। यता, ११ र ३३ केभी प्रसारण लाइनबाट आपूर्ति लिएका उद्योगमा पनि कटौती भइरहेको छ।

गत चैत ३ देखि भारतबाट आयात हुने विद्युत्को समय कटौती भएको थियो । त्यसअघि दैनिक २० घण्टा आयात हुनेमा अहिले १२ घण्टामात्रै भएको प्राधिकरणका अधिकारीहरूले बताएका छन् । केही दिनअघि हावाहुरीका कारण प्रसारण पूर्वाधारमा क्षति पुगेकाले आपूर्तिमा समस्या आएको प्राधिकरणले बताएको थियो। अहिले सुक्खायामका कारण विद्युत्को आन्तरिक उत्पादन घटेको र भारतबाट आयात पनि कम भएकाले आपूर्तिमा समस्या देखिएको प्राधिकरणका अधिकारीहरूको भनाइ छ ।

# कुलमान बर्खास्तीको विरोध गर्दा राज्यमन्त्री तामाङको पद गयो



काठमाडौं (अस) । प्रधानमन्त्री केपी शर्मा ओलीले ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङ (कान्छाराम)लाई बर्खास्त गर्नुभएको छ । मन्त्रिपरिषद्को निर्णयविरुद्ध पटक पटक अभिव्यक्ति दिएका उनलाई राज्यमन्त्रीबाट बुधवार बर्खास्त गरिएको हो । उनी गत साउन १८ मा ऊर्जा राज्यमन्त्री नियुक्त भएका थिए ।

सरकारले नेपाल विद्युत् प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाएपछि राज्यमन्त्री तामाङले असन्तुष्टि जनाउँदै आएका थिए । कुलमानलाई बर्खास्त गर्ने निर्णयमा असन्तुष्टि जनाएकै कारण आफूलाई राज्यमन्त्रीबाट बर्खास्त गरिएको उनको प्रतिक्रिया बताए ।

तपाईंको ऊर्जामन्त्री दीपक खड्कासँग कुरा नमिलेको होइन भन्ने आर्थिक अभियानको प्रश्नमा उनले भने, 'उहाँ कुलमान हटाउनुपर्छ भन्ने पक्षको हो । म हटाउनु हुँदैन भन्ने पक्षको ।'

सरकारको निर्णयमा असन्तुष्टि जनाउँदै आएका ऊर्जा राज्यमन्त्री तामाङलाई पदबाट राजीनामा दिन नेपाली कांग्रेसले आग्रह गर्दै आएको थियो । तर, उनले त्यसलाई बेवास्ता गर्दै आएका थिए । पार्टीले आफ्नो राजीनामा मागेकोबारे आफूलाई थाहा नभएको ऊर्जा राज्यमन्त्री तामाङले बताए । 'पार्टीले राजीनामा मागेको भए एक मिनेटमै गरिदिन्थेँ । मलाई पदको लोभ छैन,' उनले भने ।

## रघुजी पन्त शिक्षामन्त्रीमा नियुक्त



काठमाडौं (अस) । नेकपा एमालेका सांसद रघुजी पन्त शिक्षामन्त्रीमा नियुक्त भएका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिशमा राष्ट्रपति रामचन्द्र पौडेलले पन्तलाई बुधवार शिक्षामन्त्रीमा नियुक्त गर्नुभएको हो । यसअघिकी शिक्षामन्त्री विद्या भट्टराईले पदबाट राजीनामा दिएपछि उक्त पदमा पन्तलाई नियुक्त गरिएको हो । नेपालको संविधानको धारा ७६ को उपधारा ९ बमोजिम प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिशमा पन्तलाई शिक्षामन्त्रीमा नियुक्त गरिएको राष्ट्रपति कार्यालयले जनाएको छ ।

## धुलिखेल-साँगा सडक

# पुलबजार क्षेत्रमा काम रोकियो

काभ्रेपलाञ्चोक । स्तरोन्नति भइरहेको अरनिको राजमार्गअन्तर्गत साँगा-धुलिखेल सडकखण्डको पुलबजार क्षेत्रमा स्थानीयको अवरोधका कारण काम ठप्प छ । डेढ महीनादेखि उक्त खण्डको करीब २०० मिटर सडक विस्तार रोकिएको सडक विभागको सूर्यविनायक-धुलिखेल, धुलिखेल-सिन्धुली-बर्दिबास सडक आयोजनाले जनाएको छ ।

निर्माणाधीन सडकखण्डको पुलबजार क्षेत्रमा 'सेन्टर लाइन'को विषयमा स्थानीयले अवरोध जनाएपछि काम रोकिएको हो । सेन्टर लाइनबाट दायाँ-बायाँ ७५/७५ फिट (१५० फिट)मध्ये पनि १४० फिटमा काम भइरहेकोमा स्थानीयले दुवैतर्फका घरमा बराबर छुट्ट्याउनुपर्ने माग गर्दै निर्माण अवरुद्ध पारेको जनाइएको छ ।



'हामीले सडकको डिजाइनअनुसार नै सडकको बीचबाट बराबर छुट्ट्याउने हो, स्थानीयले घरको दूरीमा बराबर गर्नुपर्छ भन्दै विवाद सृजना गरेपछि निर्माण रोकिएको हो,' आयोजनाका इञ्जिनियर विष्णु खनालले भने । उनका अनुसार यसअघि विभिन्न निकायको समन्वयमा अवरोध हटाउन प्रयास गरिए पनि मंगलवार बनेपा नगरपालिकाका जनप्रतिनिधि र स्थानीयबीचको छलफल पनि विनानिष्कर्ष टुंगिएको छ ।

पुलबजार क्षेत्रमा अवरोधका कारण बनेपाको मुख्य शहर क्षेत्रमा समेत निर्माण रोकिएको हो । इञ्जिनियर खनालका अनुसार सहरको पूर्वीतर्फको चण्डेश्वरी खोलादेखि बनेपा चारदोबाटोसम्म करीब एक किमी सडकको ढल निर्माण भइरहे पनि अन्य कार्य ठप्प छ ।

पुलबजार क्षेत्रको अवरोध तत्काल हटाएर विस्तार कार्य अघि नबढाइए वर्षाअघि कामले निरन्तरता नपाउने खनालको भनाइ छ । अन्य स्थानमा भने काम तीव्र रूपमै भइरहेको उनले बताए । उनका अनुसार धुलिखेल क्षेत्रमा कामले गति लिइरहेकाले हाल एक किमी क्षेत्रमा वाल, ड्रेन, पेभमेन्टको काम सकेर केही दिनमै सडक कालोपत्रको तयारी भइरहेको छ ।

पुलबजार क्षेत्रमा भने स्थानीयको अवरोधसँगै मापदण्डभित्रका घरटहरा हटाउने, अप्टिकल फाइबर, हाइटेन्सन लाइनका पोल हटाउने काम रोकिएको जनाइएको छ । आयोजनाका अनुसार साँगा-धुलिखेल सडकखण्डअन्तर्गत नासिकास्थानमा दुई, भैंसीपाटीमा तीन, जनागालमा दुई, बुडोलमा एक र २८ किलोमा एक घरटहरा हटाउनुपर्नेछ ।

यता, भक्तपुरको सूर्यविनायकदेखि काभ्रेको धुलिखेलसम्मको सडक ६ लेनमा विस्तारको काम समयमै नसकिने भएको छ । आयोजनाले बाँकी करीब आठ महीना विस्तारको काम नसकिने जनाएको हो ।

२०७९ पुस २४ देखि शुरू गरिएको १६ किमी लम्बाइको यस सडक ३६ महीनाभित्र सम्पन्न गर्ने लक्ष्य थियो । उक्त सडकखण्ड सूर्यविनायकबाट साँगा र साँगाबाट धुलिखेलसम्म गरी दुई खण्डमा विभाजन गरी विस्तार भइरहेको छ । हाल दुई खण्डको विस्तारको काम ४५ प्रतिशत भएको आयोजनाले जनाएको छ । *रासस*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित प्रधान सम्पादक : मदन लम्साल सम्पादकीय निर्देशक : केशव गौतम कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ पाञ्चायनमार्ग, थापाथली, काठमाडौं पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ इमेल : editorial@abhiyan.com.np मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर